# अमरगढी शैक्षिक बुलेटिन

**प्रकाशकः** अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा
डडेल्धुरा
website: amargadhimun.gov.np
e-mail: ito.amargadhimun@gmail.com
फोन नं.: ०९६४१०२२२

**सल्लाहकारः** नगर प्रमुख श्री विश्वेश्वर प्रसाद ओझा
नगर उपप्रमुख श्री संगीता भण्डारी
प्रमुख प्रशासकीय अधिकृत श्री लक्ष्मीप्रसाद उपाध्याय

**सम्पादकः** शाखा अधिकृत श्री हेमन्त राज पन्त

**प्रकाशन प्रतिः** २००

**प्रकाशन मितिः** २०७६ पौष

**सर्वाधिकारः** प्रकाशकमा

**मुद्रणः कैलपाल प्रिन्टिङ प्रेस डडेल्धुरा**

*यो सामग्री अमरगढी नगरपालिका अन्तर्गतका विद्यालय, बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्रहरूलाई निःशुल्क वितरणका लागि प्रकाशन गरिएको हो । अन्य व्यक्ति वा संस्थाहरूलाई यसको मुद्रणीय प्रति निःशुल्क प्राप्त गर्न कर लाग्ने छैन ।*

## सम्पादकीय

नेपालको संविधानको अनुसूची ८ ले आधारभूत तथा माध्यमिक शिक्षा लाई स्थानीय तहको अधिकारको सूची अन्तर्गत राखेको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज. मा स्थानीय तहले गर्नुपर्ने आधारभूत र माध्यमिक शिक्षासम्बन्धी विभिन्न २३ वटा काम कर्तव्य र अधिकारहरू उल्लेख गरेको छ। जस अनुसार अमरगढी नगरपालिकाले विगत दुई वर्षदेखि स्थानीय सरकारका रुपमा विद्यालय शिक्षासम्बन्धी कानून बनाउने देखि कार्यक्रमहरू कार्यान्वयन गर्ने, शैक्षिक संस्थाहरूको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन गर्ने, जनशक्तिहरूको परिचालन तथा व्यवस्थापन गर्ने, अनुगमन तथा मूल्याङ्कन गर्ने जस्ता अत्यन्त महत्त्वपूर्ण कार्य गर्ने जिम्मेवारी वहन गर्दै आइरहेको छ। अमरगढी नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद शाखामार्फत यस्ता कार्यहरू सम्पादन हुँदै आएका छन्।

तथ्याङ्कको अभावमा योजना एवम् कार्यक्रमहरू तर्जुमा गर्न र तिनको प्रभावकारी कार्यान्वयन गर्न सम्भव छैन। सूचना प्राप्त गर्नु नागरिकको नैसर्गिक अधिकार हो भने सार्वजनिक निकायले सूचना दिनु उसको कर्तव्य हो। शैक्षिक तथ्याङ्कहरूको व्यवस्थित अभिलेख राखी सरोकारवाला लगायत आम नागरिकहरूलाई अमरगढी नगरपालिकाको शैक्षिक अवस्था र शिक्षा क्षेत्रमा भएगरेका गतिविधिहरूबारे सूचना प्रदान गर्नु नगरपालिकाको दायीत्त्व हो। अमरगढी नगरपालिकाले शिक्षाका क्षेत्रमा सम्पादन गरेका कार्यक्रमहरूको बारेमा कार्यालयको वेबसाइट, विभिन्न समयमा जारी सूचना एवम् विभिन्न कार्यक्रममार्फत जानकारी गराउँदै आएको भएतापनि नगरपालिकाको शैक्षिक अवस्थाबारे जानकारी दिने दस्तावेजको अभाव रहेको सन्दर्भमा अमरगढी नगरपालिकाको शैक्षिक विवरण समेटिएको पहिलो मुद्रित सामग्रीको रुपमा **अमरगढी शैक्षिक बुलेटिन** प्रकाशन भएको हो। यसबाट कार्यालयको कार्यसम्पादनमा सहजता ल्याउनुका साथै शैक्षिक क्रियाकलापहरूबारे पारदर्शिता, जवाफदेहीता र प्रभावकारीता कायम गर्दै शैक्षिक सुशासनमा टेवा पुग्ने विश्वास लिइएको छ।

यस प्रकाशनमा सातवटा खण्डहरू समावेश गरिएको छ। पहिलो खण्डमा अमरगढी नगरपालिकाको सामान्य परिचय उल्लेख गरिएको छ भने दोस्रो खण्डमा अमरगढी नगरपालिकाका शिक्षा सम्बद्ध निकायहरूका बारेमा उल्लेख गरिएको छ। त्यस्तै तेस्रो खण्डमा अमरगढी नगरपालिकाका शैक्षिक तथ्याङ्कलाई प्रस्तुत गरिएको छ भने चौथो खण्डमा आ.व.२०७५/०७६ मा सम्पन्न कार्यक्रमहरूको जानकारी समेटिएको छ। पाँचौँ खण्डमा यस आर्थिक वर्ष २०७६/०७७ मा विद्यालय स्तरमा सञ्चालन हुने कार्यक्रम र कार्यान्वयन प्रक्रिया, छैठौँमा २०७६/०७७ को पहिलो चौमासिकको निकासा विवरण र सातौँ खण्डमा विविध शीर्षक अन्तर्गत विभिन्न जानकारीहरू समेटिएको छ।

नगरपालिकाको कार्यालयमा रहेका विभिन्न सूचना एवम् तथ्याङ्कहरू, साविक जिल्ला शिक्षा कार्यालय डडेल्धुराबाट विभिन्न समयमा प्रकाशित बुलेटिन एवम् शैक्षिक सूचनाहरू, तथ्याङ्क कार्यालय डडेल्धुराबाट प्रकाशित जिल्ला वस्तुगत विवरण र विद्यालयस्तरबाट प्राप्त विवरण समेतको सङ्कलन गरी तिनको सत्यापनका आधारमा यो सामग्री तयार भएको छ। उल्लिखित सम्बद्ध पक्षहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। यो पहिलो प्रकाशन हो। बुलेटिन सर्वरुपेण पूर्ण नहुन सक्दछ। पाठकवर्गहरूबाट यस प्रकाशनमा रहेका कमजोरी एवम् त्रुटीहरू औँल्याइ सल्लाह सुझाव दिनुहुनेछ भन्ने आशा राख्दछु। प्राप्त हुने सुझावहरूका आधारमा आगामी प्रकाशन अझ बढी परिष्कृत हुनेछ। पछिल्ला दिनमा नियमित रुपमा बुलेटिन प्रकाशन हुनेछ। अस्तु।

**हेमन्तराज पन्त**
**शाखा अधिकृत**

# खण्ड - १

# अमरगढी नगरपालिकाको सामान्य परिचय

अमरगढी नगरपालिका सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लाहरुको प्रवेशद्वार एवम् केन्द्रमा रहेको छ। नगरपालिकामा ११ वटा वडाहरु रहेका छन्। २०७५ सालमा नगरपालिकाबाट सङ्कलित घरधुरी तथ्याङ्क अनुसार यस नगरपालिकामा ४,८६७ परिवारमा कुल २२,४४२ जनसङ्ख्या रहेको छ।




प्राकृतिक स्रोतको दृष्टकोणले सम्भावनायुक्त, मानवीय स्रोतको दृष्टिकोणबाट नेतृत्त्व क्षमतायुक्त राजनीतिक दल र सचेत एवम् उत्प्रेरित नगरबासी यस नगरपालिकाको दीगो विकासका आधार स्तम्भका रुपमा रहेका छन् । हिन्दू धर्मावलम्बीको अत्याधिक बाहुल्यता (९८.७२%) रहेको यस क्षेत्रमा विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहनुका साथै विभिन्न चाडपर्वहरु मनाइने गरिन्छ । नगरपालिकाको केही भाग ऐतिहासिक तथा बजार क्षेत्रको रुपमा रहेको नगरपालिकामा साना व्यापार तथा साना उद्योगहरु र प्राकृतिक स्रोत तथा सामाजिक/ सांस्कृतिक महत्त्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र वैकल्पिक स्रोतको रुपमा वैदेशिक रोजगारी पनि रहेको छ। स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम पनि रहेको छ।

## १.१ नामकरणः

नेपाल एकीकरणका हस्ती मानिने अमरसिंह थापाले तत्कालीन बाइसी राज्य अन्तर्गतको डोटी राज्यलाई पराजित गरी विशाल नेपाल अधिराज्यमा गाभेपछि यस क्षेत्रको संरक्षण र महाकाली नदी पारी काँगडासम्म पनि विजय अभियानमा सफलता प्राप्त गर्ने सिलसिलामा यस क्षेत्रमा अमरगढी किल्लाको निर्माण गर्न लगाएका र यसै किल्लालाई आधार बनाई वरपरका क्षेत्रहरुमा पनि विजय हासिल गरेको इतिहास पाइन्छ। किल्लाको निर्माण बुट्टा कुँदिएका विशाल ढुङ्गाद्वारा कलात्मक तरिकाले गरिएको छ। बाहिरबाट हेर्दा गोलो आकारमा र भित्रबाट तीनकुने आकारमा बनेको यस किल्लाको बिच भागमा प्राचीन उग्रभैरव मन्दिर रहेको छ। यस्तो ऐतिहासिक, धार्मिक महत्त्व बोकेको किल्लाको नामबाट अमरगढी नगरपालिकाको नामकरण गरिएको हो।

## १.२ क्षेत्रफल, भौगोलिक अवस्थिति र हावापानीः

डडेल्धुरा जिल्लाको सदरमुकाम समेत रहेको अमरगढी नगरपालिका सुदूरपश्चिम प्रदेशको पहाडी क्षेत्रमा अवस्थित नगरपालिका हो। २९° १३.५' देखि २९° २४' उत्तरी अक्षांश तथा ८०° १८' देखि ८०° ३१' पुर्वी देशान्तर अवस्थिति भएको र समुद्र सतह देखि १८६० मिटर (६२०० फिट) को उचाइमा रहेको यस नगरपालिकाको क्षेत्रफल १३८.९५ वर्ग कि.मि. छ। अमरगढी नगरपालिकाको सिमाना पूर्वमा गन्यापधुरा र नवदुर्गा गाउँपालिका, पश्चिममा भागेश्वर गाउँपालिका, उत्तरमा अजयमेरु र नवदुर्गा गाउँपालिका तथा बैतडी जिल्ला र दक्षिणमा आलिताल गाउँपलिका संग जोडीएको छ।

अमरगढी नगरपालिकाको हावापानी मूल रुपमा समशीतोष्ण प्रकारको छ । यहाँको अधिकतम औषत तापक्रम २९ डिग्री से. र न्यूनतम औषत तामक्रम ०.३ डिग्री से. रहने गरेको छ ।

## १.३ सबैभन्दा अग्लो र होचो स्थानका विद्यालयहरुः

यस नगरपालिकाको विद्यालयहरु मध्ये समुद्र सतहबाट सबैभन्दा अग्लो स्थानमा रहेको विद्यालय वडा नं. ६ स्थित कैलाश प्रा.वि. भालुमारा भक्तपुर (२१६४ मि.) हो भने सबैभन्दा होचो स्थानमा रहेको विद्यालय वडा नं.११ स्थित सरस्वती आधारभूत विद्यालय फिन्नेकोट (९७५ मि.) हो ।

## १.४ प्रशासनिक विभाजन/संरचना

नेपालको संविधान अनुसार स्थानीय तह (स्थानीय सरकार) का रुपमा कायम भएको अमगरगढी नगरपालिकामा ११ वटा वडाहरु रहेका छन् । नगरपालिकाको प्रशासनिक केन्द्रका रुपमा नगर कार्यपलिकाको कार्यालय रहेको छ भने ११ वटै वडामा रहेका वडा कार्यालयहरुबाट पनि नगरपालिकाले सेवा प्रवाह गर्दै आएको छ । नगर कार्यपालिकाको कार्यालयमा विभिन्न विषयगत कार्यक्रमहरु कार्यान्वयन गर्न विषयसम्बद्ध शाखाहरुको व्यवस्था गरिएको छ ।

## १.५ ऐतिहासिक तथा धार्मिक स्थलहरुः

यस नगरपालिकामा अवस्थित अमरगढी किल्ला ऐतिहासिक सम्पदाको रुपमा रहेको छ भने घटाल थान, उग्रतारा मन्दिर, शहस्त्रलिङ्ग मन्दिर, रावलतोली गुफा लगायतका क्षेत्रहरु धार्मिक तथा सांस्कृतिक दृष्टिकोणले महत्त्वपुर्ण रहेका छन् ।

## १.६ नदीनाला तथा खोलाहरुः

यस नगरपालिकाको खानेपानी तथा सिचाईं र सुन्दरताका दृष्टिकोणले महत्वपुर्ण रहेका खोलानाला तथा नदीहरुमा डोटीघटाल खोला, पोखरा गाड, शैलेश्वर गाड, कोटेली रुपाली गाड, ठूली गाड आदि रहेका छन् ।

## १.७ जनसङ्ख्याः

वि.सं. २०६८ सालको जनगणना अनुसार अमरगढी नगरपालिकाको जनसङ्ख्या यसप्रकार रहेको छः

- पुरुषः १०००३ (४७.०८%)
- महिलाः ११२४२ (५२.९२%)
- जम्माः २१२४५
- परिवार संख्याः ४७७८

## १.८ साक्षरताः

वि.सं. २०६८ सालको जनगणना अनुसार अमरगढी नगरपालिका डडेल्धुरा जिल्लामा सबैभन्दा बढी साक्षरता दर भएको स्थानीय तह हो । उक्त जनगणना अनुसार यहाँको ५ वर्ष उमेर माथीको साक्षरता दर ७१.७% थियो जसमध्ये पुरूष साक्षरता दर ८६.३ % छ भने महिला साक्षरता दर ५७.६% रहेको थियो । यस नगरपालिकाको १५-६० वर्ष उमेरको साक्षरता दर ९६.६४% रहेकोमा यही आधारमा नेपाल सरकार (जिल्ला शिक्षा कार्यालय डडेल्धुरा) बाट २०७४ सालमा साक्षर नगरपालिका घोषणा गरिएको थियो ।

# खण्ड - २

# अमरगढी नगरपालिकाका शिक्षा सम्बद्ध निकायहरु

## २.१ शिक्षा, युवा तथा खेलकुद शाखा

अमरगढी नगरपालिकाको समग्र शैक्षिक अवस्था (मूलतः आधारभूत तथा माध्यमिक शिक्षा) र युवा तथा खेलकुदका कार्यक्रमहरु समेतको सञ्चालनका लागि नगर कार्यपालिकाको कार्यालयको एउटा महत्त्वपूर्ण शाखाको रुपमा शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था रहेको छ । वि.सं. २०७२ असोज ३ गते जारी नेपालको संविधानको अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षा सम्बन्धी एकल अधिकार स्थानीय तहलाई दिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज. ले आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापन सम्बन्धी विभिन्न २३ वटा काम कर्तव्य र अधिकारहरु स्थानीय तहको हुने व्यवस्था गरेको छ । संवैधानिक व्यवस्था अनुसार देशैभर ७५३ वटा स्थानीय तहहरु गठन भईसकेका र प्रत्येक स्थानीय तहले स्थानीय सरकारका रुपमा काम गरिरहेका छन् । यसै सन्दर्भमा डडेल्धुरा जिल्लाको सदरमुकाम स्थित अमरगढी नगरपालिका समेतले स्थानीय सरकारका रुपमा संविधान प्रदत्त अधिकारको प्रयोग गर्न र स्थानीय सरकार सञ्चालन ऐनबमोजिम नगरपालिका क्षेत्रभित्रको समग्र शिक्षा, युवा तथा खेलकुद सम्बन्धी काम, कर्तव्य र अधिकारलाई व्यवस्थित ढंगबाट कार्यान्वयन गर्न यस शाखाको व्यवस्था भएको हो ।

कर्मचारी समायोजनका क्रममा नेपाल सरकारबाट अमरगढी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखाका लागि अधिकृत स्तर (नवौँ/दशौँ तह) को शाखा अधिकृतको नेतृत्त्वमा शाखा अधिकृत (सातौँ/आठौँ तह) को १ र सहायकस्तर (पाँचौँ तह) को १ गरी जम्मा ३ जना कर्मचारीहरु रहने गरी अन्तरिम संगठन संरचना स्वीकृत भएको छ । कार्यालयको सङ्गठन संरचनाको कार्य सम्पन्न नहुँदासम्म यसैलाई आधिकारिक मान्नुपर्ने देखिन्छ । यो शाखा अमरगढी नगरपालिकाको वडा नं ५ तुफानडाँडास्थित नगर कार्यपालिकाको कार्यालय भवनमा रहेको छ ।

**शिक्षा युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारीहरूको विवरणः**

| सि.नं. | कर्मचारीको नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | हेमन्त राज पन्त | शाखा अधिकृत (सातौं तह) | २०७६ वैशाख २९ देखि |

**शिक्षा युवा तथा खेलकुद शाखाका काम, कर्तव्य र अधिकारः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहका काम कर्तव्य र अधिकारका रुपमा तोकिएका देहायका कामहरू गर्ने जिम्मेवारी शिक्षा, युवा तथा खेलकुद शाखाको होः

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरुको सम्पत्ति व्यवस्थापन,

- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामकरण,
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्त्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिबृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृती, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीहरुको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन
- युवा सम्बद्ध कार्यहरु
- खेलकुद सम्बद्ध कार्यहरुः
- ▪ स्थानीय स्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
- ▪ स्थानीय स्तरका खेलकुद प्रशासन तथा संघसंस्थाको नियमन र समन्वय,
- ▪ खेलकुदको विकास र प्रवर्द्धन,
- ▪ खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- ▪ खेलकुद सम्बन्धी पूर्वाधार विकास

## २.२ विद्यालयहरु

संस्थागत रुपमा शिक्षा प्रदान गर्ने सबैभन्दा तल्लो र महत्वपूर्ण निकायका रुपमा विद्यालयलाई लिइन्छ । अमरगढी नगरपालिकाभित्र प्रारम्भिक बाल शिक्षा कक्षा देखि कक्षा १२ सम्मको शिक्षा दिने गरी विद्यालयहरु स्थापना भइ सञ्चालनमा रहेका छन् ।

शिक्षा ऐन २०२८ को व्यवस्था अनुसार नियमित रुपमा सरकारी अनुदान पाउने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयहरु सामुदायिक विद्यालयहरु हुन् भने नियमित रुपमा सरकारी अनुदान प्राप्त नगर्ने गरी अनुमति वा स्वीकृती प्राप्त विद्यालयहरु संस्थागत विद्यालयहरु हुन् । अमरगढी नगरपालिकामा यी दुवै किसिमका विद्यालयहरु सञ्चालनमा छन् । तहका हिसाबले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभक्त गरिएको छ । प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म सञ्चालित विद्यालयहरु आधारभूत र कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयहरु माध्यमिक विद्यालय हुन । तथापी शिक्षा ऐनले कक्षा १ देखि ५ सम्मको शिक्षा दिने विद्यालयलाई प्राथमिक विद्यालयका रुपमा परिभाषित गरेको छ ।

**अमरगढी नगरपालिका अन्तर्गत सञ्चालित सामुदायिक विद्यालयहरु**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालय कोड |
|---|---|---|---|
| १ | शैलेश्वर महादेव प्रा.वि. | अमरगढी ७ तिलाडी | 730030001 |
| २ | पूर्णागिरी प्रा.वि. | अमरगढी -५, जिलोडा | 730030002 |
| ३ | जनज्योति प्रा.वि. | अमरगढी -२, आदित्यपुर | 730030003 |
| ४ | महेश्वरी प्रा.वि. | अमरगढी -९ निदालगाउँ | 730030004 |
| ५ | कैलाश प्रा.वि. | अमरगढी -६, भक्तपुर | 730030006 |
| ६ | गणेशमान स्मृति प्रा.वि. | अमरगढी -६, दुमडा | 730030007 |
| ७ | असिग्राम आ.वि. | अमरगढी -११, लिटिरगाउँ | 730030008 |
| ८ | आदर्श मणिलेक प्रा.वि. | अमरगढी -९, लटसेरा | 730030009 |
| ९ | भृकुटी प्रा.वि. | अमरगढी -५ खलंगा | 730030010 |
| १० | सिद्धनाथ आ.वि. | अमरगढी -३ चिरकिट्टे | 730030011 |
| ११ | लटेश्वर आ.वि. | अमरगढी -१ मालम | 730030012 |
| १२ | सरस्वती आ.वि. | अमरगढी -११ फिन्नेकोट | 730030013 |
| १३ | शम्भुनाथ आ.वि. | अमरगढी -६, छचोडा | 730030014 |
| १४ | भूमिराज प्रा.वि. | अमरगढी -८, बागचौर | 730030015 |
| १५ | निलकण्ठ आ.वि. | अमरगढी -३, लरडा | 730030016 |
| १६ | असिग्राम प्रा.वि. | अमरगढी-४, सुनेडा | 730030017 |
| १७ | वैजनाथ आ.वि. | अमरगढी -४, भलिया | 730030018 |
| १८ | त्रिपुरासुन्दरी आ.वि. | अमरगढी २, बिरखम्ब | 730030019 |
| १९ | जनसेवा प्रा.वि. | अमरगढी ३, पथरोडा | 730030020 |
| २० | अशिग्राम प्रा.वि. | अमरगढी ५, सेलागाउँ | 730030021 |
| २१ | भूमिराज प्रा.वि. | अमरगढी १ शान्तिनगर, ढुन्ढुने | 730030030 |
| २२ | कैलपाल प्रा.वि. | अमरगढी १, झर्ता | 730030033 |
| २३ | भागेश्वर मा.वि. | अमरगढी-८, टाँटर | 730030023 |
| २४ | बैजनाथ मा.वि. | अमरगढी-२, मौरडा | 730030024 |
| २५ | उग्रतारा मा.वि. | अमरगढी-७, पोखरा | 730030025 |
| २६ | सहश्रलिङ्ग मा.वि. | अमरगढी-१०, राई | 730030026 |
| २७ | घटाल मा.वि. | अमरगढी-३, नुवाकोट | 730030027 |
| २८ | महेन्द्र मा.वि. | अमरगढी-५, खलङ्गा | 730030028 |
| २९ | उग्रतारा वेद विद्याश्रम आ.वि. | अमरगढी-८, उग्रतारा | 730030041 |

**अमरगढी नगरपालिका अन्तर्गत सञ्चालित संस्थागत विद्यालयहरु**

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालय कोड |
|---|---|---|---|
| १ | बाल विद्या निकेतन इ.बो. स्कुल | अमरगढी ६ दुमडा | 730030005 |
| २ | भगवती इ.बो. स्कुल | अमरगढी ८ कीर्तिपुर | 730030022 |
| ३ | माउन्टेन इ.बो.स्कुल | अमरगढी ५ बागबजार | 730030028 |
| ४ | मोडर्न इ.बो. स्कुल | अमरगढी १ दह | 730030031 |
| ५ | ज्ञानोदय विद्या निकेतन | अमरगढी ५ तुफानडाँडाँ | 730030032 |
| ६ | लोटस इ.बो. स्कुल | अमरगढी ११ सल्लाघारी | 730030034 |
| ७ | ब्राइट फ्युचर एकेडेमी | अमरगढी ३, नुवाकोट | 730030035 |
| ८ | क्याम्ब्रिज पब्लिक स्कुल | अमरगढी ५, डडेल्धुरा | 730030036 |
| ९ | पोखरा विलिभर्स स्कुल | अमरगढी ७, पोखरा | 730030038 |
| १० | अजयमेरु इ.बो. स्कुल | अमरगढी ५, डडेल्धुरा | 730030039 |
| ११ | पानसिया एकेडेमी | अमरगढी ५, डडेल्धुरा | 730030040 |
| १२ | जनप्रिय इ.बो.स्कुल | अमरगढी ५, डडेल्धुरा | 730180004 |
| नोटः एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) मा आवद्ध नभएका संस्थागत विद्यालयहरुको विवरण उल्लेख नगरिएको । | | | |

## २.३ खुला विद्यालय

सधैँ विद्यालयमा गई अध्ययन गर्न समय नपाउने, विद्यालयसम्म पुगी सिकाइ गर्न असमर्थ, अपाङ्गता भएका, कार्यथलोमै रही सिकाइ गर्न चाहनेहरु तथा विविध कारणले औपचारिक विद्यालय शिक्षाबाट बञ्चित वा बिचैमा विद्यालय छोडेकाहरुको सिकाइका लागि लचिलो माध्यमबाट सिकाइ अवसर दिनु खुला सिकाइ हो । खुला सिकाइ दूरीका हिसाबले, समयका हिसाबले, सिकाइ स्थान/संस्थाका हिसाबले, सिकाइ तरिका तथा मूल्याङ्कनका हिसाबले समेत खुला र स्वतन्त्र हुन्छ । नेपालमा कक्षा अनुसारको उमेर पार गरेका, नियमित विद्यलयमा अध्ययन गर्न छाडेका, आर्थिक, सामाजिक, भौगोलिक, पेशा, जातजाति, व्यवसाय र समयको अभाव आदि कारणले शिक्षाको अवसर नपाएकाका लागि खुला विद्यालयमार्फत शिक्षाका थप अवसरहरु सिर्जना गर्न खुला शिक्षाको व्यवस्था गरिएको छ । विद्यालयको पाठ्यक्रमका आधारमा तयार पारिएको पाठ्य सामग्री प्रयोग गरी बैकल्पिक/खुला मोडबाट कक्षा ६-८ र ९-१० गरी दुई तहको शिक्षा प्रदान गरिदै आएको छ । साविक शिक्षा विभागको व्यवस्थापकीय भूमिकामा आधारभूत तह (कक्षा ६-८) को खुला सिकाइ कार्यक्रमको प्राविधिक सहयोग साबिक अनौपपचारिक शिक्षा केन्द्र र माध्यमिक तह (९-१०) को खुला सिकाइ कार्यक्रमको प्राविधिक सहयोग तथा संयोजन साविक शैक्षिक जनशक्ति विकास केन्द्रले गर्दै आएकोमा नेपालको संविधान (२०७२) र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को व्यवस्थाबमोजिम हाल विद्यालय स्तरको खुला शिक्षा पनि स्थानीय तह/सरकार मार्फत कार्यान्वयन भइरहेको छ ।

दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६३ ले खुला विद्यालयको शिक्षण सिकाइ क्रियाकलापमा निम्न माध्यमहरु प्रयोग हुने कुरा उल्लेख गरेको छः

- मुद्रित सामग्री (स्वाध्ययन सामग्री, पोष्टर, पत्रपत्रिका आदि)
- सम्पर्क कक्षा/ गोष्ठी/ कार्यशाला
- श्रव्य तथा श्रव्य दृश्य सामग्री (क्यासेट, सिडि, रेडियो, टिभी)
- सूचना प्रविधिमा आधारित सामग्री (मल्टिमिडिया, अनलाइन/अफलाइन, इन्टरनेट, वेबसाइट, फोनइन, श्रव्य, श्रव्यदृश्य कन्फ्रेन्सिङ)
- पत्राचार

**अमरगढी नगरपालिकामा सञ्चालित खुला विद्यालयको विवरण**

| क्र.सं. | खुला विद्यालयको तह | सञ्चालित विद्यालय/मातृ विद्यालय | कोर्ष अवधि |
|---|---|---|---|
| १ | आधारभूत तह (कक्षा ६-८) | महेन्द्र माध्यमिक विद्यालय खलङ्गा | २ वर्ष |
| २ | माध्यमिक तह (कक्षा ९-१०) | | १ वर्ष |

## २.४ विशेष विद्यालय/ स्रोत कक्षा

अपाङ्गता भएका बालबालिकाहरुलाई विशेष रुपमा शिक्षा दिने गरी अमरगढी नगरपालिकाको श्री पूर्णागिरी प्राथमिक विद्यालयको स्रोत कक्षाको रुपमा अमरगढी ५ स्थित बालमन्दिरमा सुस्त मनस्थिति भएका बालबालिकाहरुका लागि कक्षा सञ्चालनमा रहेको छ । यस कक्षाका लागि मातृविद्यालयका प्राथमिक तहका एकजना स्रोत शिक्षक र बालबालिकाको स्याहारका लागि एकजना आयाको व्यवस्था गरिएको छ । शैक्षिक सत्र २०७५ सम्म विद्यार्थीहरु अध्ययनरत रहेको भएपनि यस शैक्षिक सत्र २०७६ को शुरुका चार महिनासम्म विद्यार्थी भर्ना भएको देखिदैन । आवासीय छात्रवृत्ति सहित शिक्षा दिने यस स्रोत कक्षामा जिल्लाभित्र र जिल्ला बाहिरका सुस्तमनस्थितिका बालबालिकाहरुले विद्यालय शिक्षा प्राप्त गर्न सक्ने सम्भावना भएतापनि अपाङ्गता भएका बालबालिकाको शिक्षा प्रति अभिभावकको को न्यून रुची, प्रचारप्रसारको अपर्याप्तता र कक्षा/आवासका लागि पर्याप्त भौतिक सुविधाको अभाव जस्ता कारणबाट यस कक्षाले अपेक्षित गति लिन नसकेकोले सुधारका लागि सम्बद्ध पक्षहरुको सामूहिक प्रयास आवश्यक देखिन्छ ।

## २.५ प्राविधिक धार सञ्चालित विद्यालयहरु

| क्र. सं. | विद्यालयको नाम | प्राविधिक धार | सञ्चालित तह / कक्षा | अनुमति/सम्बन्धन दिने निकाय | अनुमति साल |
|---|---|---|---|---|---|
| १ | महेन्द्र मा. वि. खलङ्गा | सिभिल इन्जिनियरिङ | माध्यमिक (९-१२) | शिक्षा तथा मानव स्रोत विकास केन्द्र (साविक शिक्षा विभाग) | २०७० |
| २ | बैजनाथ मा.वि. मौरडा | बालीविज्ञान | डिप्लोमा (३ वर्षे) | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | २०७६ |
| ३ | घटाल मा.वि. नुवाकोट | बालीविज्ञान | डिप्लोमा (३ वर्षे) | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | २०७६ |
| ४ | भागेश्वर मा.वि. टाँटर | वनविज्ञान | डिप्लोमा (३ वर्षे) | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद | २०७६ |

## २.६ उच्च शिक्षा दिने क्याम्पसहरु

**अमरगढी नगरपालिकामा रहेका उच्च शिक्षा दिने क्याम्पसहरु**

| क्र.सं. | क्यामपसको नाम | ठेगाना | सञ्चालित तह |
|---|---|---|---|
| १ | डडेल्धुरा बहुमुखी क्याम्पस | अमरगढी ५ डडेल्धुरा | स्नातक र स्नातकोत्तर |
| २ | भीमदत्त बहुमुखी क्याम्पस | अमरगढी ५ डडेल्धुरा | स्नातक |
| ३ | माउन्टेन बहुमुखी क्याम्पस | अमरगढी ५ डडेल्धुरा | स्नातक |

स्रोतः गाउँपालिका/नगरपालिका सहितको जिल्ला वस्तुगत विवरण डडेल्धुरा, २०७४

## २.७ प्रारम्भिक बाल शिक्षा कक्षा/केन्द्रहरु

विद्यालय शिक्षाको कक्षा १ पूर्व दिइने शिक्षा नै प्रारम्भिक बाल शिक्षा हो । यस्तो शिक्षा सामुदायिकका साथै संस्थागत विद्यालयहरुले समेत विभिन्न नामबाट न्यूनतम १ देखि अधिकतम ३ वर्षसम्म सञ्चालन गरिरहेका छन् । यस किसिमको शिक्षालाई पूर्व प्राथमिक शिक्षाका रुपमा पनि परिभाषित गरिएको छ । शिक्षा ऐनको आठौँ संशोधनले "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षाका रुपमा परिभाषित गरेकाले यो शिक्षा विद्यालय शिक्षाभित्रै परेको देखिन्छ ।

अमरगढी नगरपालिकामा सरकारी स्तरबाट १ वर्षको प्रारम्भिक बाल शिक्षाका कक्षाहरु दुई किसिमले सञ्चालन भइरहेका छन्: १. विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा कक्षाहरु र २. समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा कक्षाहरु । गत वर्षसम्म समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा केन्द्रको सङ्ख्या ८ रहेकोमा अमरगढी नगर कार्यपालिकाको निर्णयबाट यसै वर्ष ६ वटा त्यस्ता केन्द्रहरु विद्यालयमा गाभी समायोजन गरिएको छ ।

हाल विद्यालयमा आधारित प्रारम्भिक बाल शिक्षा कक्षाका लागि ३० जना सहयोगी कार्यकर्ताहरु नियुक्त भइ शिक्षकका रुपमा कार्यरत छन् भने दुई वटा प्रारम्भिक बाल शिक्षा/विकास केन्द्रहरु समुदायमा आधारित भइ सञ्चालनमा रहेका छन् । दुवैमा १-१ जना गरी दुई जना सहयोगी कार्यकर्ताहरु सरकारी अनुदानबाट पारिश्रमिक लिने गरी कार्यरत छन् । यसरी अमरगढी नगरपालिकामा सरकारी स्तरबाट प्रारम्भिक बाल शिक्षा दिने कार्यमा जम्मा ३२ जना सहयोगी कार्यकर्ताहरु कार्यरत रहेका छन् ।

**समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा कक्षा/केन्द्रको विवरण**

| क्र.सं. | प्रारम्भिक बाल शिक्षा/ विकास केन्द्र/पूर्व प्रा.वि. | ठेगाना | मातृ विद्यालय |
|---|---|---|---|
| १ | नवज्योती बा.वि.के./पूर्व प्रा.वि. | अमरगढी ३ गुजरलेक | जनसेवा प्रा.वि.डाँडाँकोट |
| २ | घटाल बा.वि.के/पूर्व प्रा.वि. | अमरगढी ८ खनमडा | भागेश्वर मा.वि. टाँटर |

**२०७६ सालमा विद्यालयमा गाभी समायोजन भएका प्रारम्भिक बाल शिक्षा केन्द्रको विवरण**

| क्र. सं. | प्रारम्भिक बाल शिक्षा/विकास केन्द्रको नाम | गाभिएको विद्यालय | निर्णय मिति |
|---|---|---|---|
| १ | भूमिराज बाल विकास केन्द्र अमरगढी न.पा.८ बकण्डे | *भूमिराज प्राथमिक विद्यालय बागचौर* | २०७५/१२/१० |
| २ | भगवति बाल विकास केन्द्र अमरगढी न.पा.२ काँडेकोट, डडेल्धुरा | *श्री त्रिपुरा सुन्दरी आधारभूत विद्यालय वीरखम्ब* | २०७६।०४।०६ |
| ३ | डुडेश्वर बाल विकास केन्द्र अमरगढी न.पा.३ साउँदगाउँ | *घटाल माध्यमिक विद्यालय नुवाकोट* | २०७६।०४।०६ |
| ४ | समैजी बाल विकास केन्द्र अमरगढी न.पा.७ भाटगाउँ | *उग्रतारा माध्यमिक विद्यालय पोखरा* | २०७६।०४।०६ |
| ५ | सल्लागाउँ बाल विकास केन्द्र अमरगढी न.पा.७ सल्लागाउँ | *शैलेश्वर महादेव प्राथमिक विद्यालय तिलाडी* | २०७६।०४।०६ |
| ६ | सार्वजनिक बाल विकास केन्द्र अमरगढी न.पा.५ सार्वजनिक पुस्तकालय | *भृकुटी प्राथमिक विद्यालय खलङ्गा* | २०७६/०४/२८ |

## २.८ सामुदायिक सिकाइ केन्द्रहरु

समुदायमा रहेको निरक्षरता उन्मुलन गरी साक्षरतालाई दीगोपन दिनका लागि साविकको अनौपचारिक शिक्षा केन्द्रको संयोजकत्त्वमा स्थापित सामुदायिक अध्ययन केन्द्रहरुलाई हाल सामुदायिक सिकाइ केन्द्रका रुपमा चिनिन्छ । राज्यको पुनर्संरचनापश्चात सामुदायिक सिकाइको नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन लगायतका कार्यहरु स्थानीय तहबाट हुनेगरी स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था गरिएको छ । साथै यस्ता केन्द्रहरुको लागि आवश्यक बजेट तथा कार्यक्रमहरु पनि हाल स्थानीय तहमार्फत कार्यान्वयन भइरहेका छन् । अमरगढी नगरपालिकामा सामुदायिक सिकाइ केन्द्रसम्बन्धी कानूनी प्रबन्ध भइ नसकेको सन्दर्भमा साविकको "सामुदायिक अध्ययन केन्द्र सञ्चालन सञ्चालन एवम् व्यवस्थापन सम्बन्धी निर्देशिका, २०६२ (संशोधन सहित)" बमोजिम क्रियाकलापहरु सञ्चालन भइरहेका छन् ।

सामुदायिक सिकाइ केन्द्रको उद्देश्यः

१. शैक्षिक र स-साना व्यवसायमूलक कार्यक्रमहरु सञ्चालन गरी अनौपचारिक शिक्षाका क्रियाकलापहरुलाई निरन्तरता दिनु ।
२. स्थानीय सीप, स्रोत परिचालन गर्नु र संस्कृतिको संरक्षण र प्रबर्द्धन गर्न सहयोग गर्नु ।
३. स्थानीय समुदायमा शैक्षिक क्रियाकलाप मार्फत गरिबी उन्मुलन, सांस्कृतिक संरक्षण र प्रवर्द्धन गर्न सहयोग गर्नु ।

सामुदायिक सिकाइ केन्द्रका कार्यक्रमहरुः

१. साक्षरता कक्षाहरु सञ्चालन गर्ने ।
२. निरन्तर शिक्षाका विभिन्न कार्यक्रमहरु/ कक्षाहरु (साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा, सीपमूलक तालिम आदि) सञ्चालन गर्ने ।
३. आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
४. बचत तथा ऋण कार्यक्रम सञ्चालन गर्ने ।
५. सहकारितामा आधारित साझेदारी कार्यक्रमहरु सञ्चालन गर्ने ।
६. पुस्तकालय व्यवस्थापन, सञ्चालन गर्ने ।
७. ऐतिहासिक, पौराणिक, धार्मिक, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
८. मानवीय स्रोत विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।
९. बालविकास केन्द्र र वैकल्पिक तथा खुला विद्यालय सञ्चालन गर्ने ।
१०. सूचना सम्बन्धी कार्यक्रमहरु (रेडियो, टेलिफोन, टेलिभिजन आदिका माध्यमबाट जनचेतना फैलाउने) गर्ने ।
११. स्वास्थ्य शिक्षा, सेवा उपलब्ध गराउने कार्यक्रम सञ्चालन गर्ने ।
१२. स्थानीय प्रदर्शनीहरुको आयोजना सम्बन्धी कार्य सञ्चालन गर्ने ।
१३. स्थलगत अध्ययन भ्रमण कार्यक्रम सञ्चालन गर्ने ।
१४. उन्नत खेती, पशुपालन, घरेलु उद्योग जस्ता क्रियाकलापमा स्थानीय समुदायलाई सघाउने कार्यक्रम सञ्चालन गर्ने ।
१५. कानूनी साक्षरता शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
१६. खेलकुद, सांस्कृतिक कार्यक्रमहरु सञ्चालन गर्ने ।
१७. समय समयमा विशेषज्ञहरूद्वारा प्रवचन तथा स्वास्थ्य परीक्षण शिविर जस्ता कार्यक्रम सञ्चालन गर्ने ।
१८. समुदायको आवश्यकतामा आधारित सेवामूलक योजना, कार्यक्रम सञ्चालन गर्ने ।
१९. अन्य विविध कार्यक्रमहरू ।

सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिः

सामुदायिक अध्ययन केन्द्र सञ्चालन एवम् व्यवस्थापन निर्देशिका, २०६२ (संशोधनसहित) को दफा १६ मा सामुदायिक अध्ययन केन्द्रको व्यवस्थापन समिति देहायबमोजिम रहने व्यवस्था छः

१. साधारण सभाबाट निर्वाचित एक जनाः अध्यक्ष
२. सम्बन्धित गा.वि.स. को अध्यक्ष वा न.पा.को सम्बन्धित वडा अध्यक्षः सदस्य

३. समाजसेवी र शिक्षाप्रेमी मध्येबाट एकजना महिला पर्ने गरी साधारण सभाबाट निर्वाचित ३ जनाः सदस्य
४. स्थानीय समाजसेवीहरूमध्येबाट सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले मनोनित गरेको १ जनाः सदस्य
५. सेवाक्षेत्रभित्र रहेको सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिले मनोनित गरेको १ जनाः सदस्य
६. सेवाक्षेत्र स्थित गैरसरकारी संस्थाबाट व्यवस्थापन समितिले मनोनित गरेको १ जनाः सदस्य
७. सम्बन्धित स्रोतकेन्द्रका स्रोतव्यक्तिः सदस्य
८. सम्बन्धित सामुदायिक अध्ययन केन्द्रका परिचालकः सदस्य सचिव

सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिको बैठकमा समुदायका विशिष्ट व्यक्तिहरु, स्थानीय कृषि, पशु तथा स्वास्थ्य सेवा केन्द्रका विशेषज्ञ, सामुदायिक अध्ययन केन्द्रलाई सहयवग गर्ने व्यक्तिहरु वा राजनीतिक दलका व्यक्तिहरुलाई आमन्त्रित सदस्यका रुपमा आवश्यकतानुसार बोलाउन सकिने छ । सामुदायिक अध्ययन केन्द्रको साधारण सभा प्रत्येक वर्ष हुनेछ । सामुदायिक अध्ययन केन्द्र व्यवस्थापन समितिका पदाधिकारीहरुको पदावधि ४ वर्षको हुनेछ ।

**अमरगढी नगरपालिकाभित्र सञ्चालित सामुदायिक सिकाइ केन्द्रहरूको विवरणः**

| क्र. सं. | सामुदायिक सिकाइ केन्द्रको नाम | ठेगाना | स्थापना मिति (वि.सं.) | च.हि.नं. (रा.वा.बैङ्क डडेल्धुरा) |
|---|---|---|---|---|
| १ | पोखरा सामुदायिक सिकाइ केन्द्र | अमरगढी नपा ७ | २०६८ जेठ | ४०२०००१४९४०१ |
| २ | घटाल सामुदायिक सिकाइ केन्द्र | अमरगढी नपा ३ | २०७१ चैत्र | ४०२०००४९०९०१ |
| ३ | अमरगढी सामुदायिक सिकाइ केन्द्र | अमरगढी नपा १० | २०७० चैत्र | ४०२०००४४२८०१ |
| ४ | सहस्रलिग सामुदायिक सिकाइ केन्द्र | अमरगढी नपा १ | २०७१ चैत्र | ४०२०००४९०४०१ |
| ५ | त्रिपुरासुन्दरी सामुदायिक सिकाइ केन्द्र | अमरगढी नपा २ | २०७१ चैत्र | ४०२०००४९०७०१ |

# खण्ड - ३

## अमरगढी नगरपालिकाको शैक्षिक तथ्याङ्क

### ३.१ अमरगढी नगरपालिका अन्तर्गत सञ्चालित विद्यालयहरुको सङ्ख्यात्मक विवरण (वडागत रुपमा):

| वडा नं. | शै.स. २०७६ मा सञ्चालित विद्यालयहरु | | | समुदायमा आधारित प्रारम्भिक बाल शिक्षा केन्द्र |
|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत (IEMIS) | जम्मा | |
| १ | ३ | १ | ४ | ० |
| २ | ३ | ० | ३ | ० |
| ३ | ४ | १ | ५ | १ |
| ४ | २ | ० | २ | ० |
| ५ | ४ | ६ | १० | ० |
| ६ | ३ | १ | ४ | ० |
| ७ | २ | १ | ३ | ० |
| ८ | ३ | १ | ४ | १ |
| ९ | २ | ० | २ | ० |
| १० | १ | ० | १ | ० |
| ११ | २ | १ | ३ | ० |
| **जम्माः** | **२९** | **१२** | **४१** | **२** |

स्रोतः अमरगढी नगरपालिकाको अभिलेख।

### ३.२ सामुदायिक विद्यालयहरुको तहगत विवरण:

| वडा नं. | प्राथमिक (१-५) | आधारभूत (१-८ वा ६-८) | माध्यमिक (९-१२) | जम्मा |
|---|---|---|---|---|
| १ | २ | १ | ० | ३ |
| २ | १ | १ | १ | ३ |
| ३ | १ | २ | १ | ४ |
| ४ | १ | १ | ० | २ |
| ५ | ३ | ० | १ | ४ |
| ६ | २ | १ | ० | ३ |
| ७ | १ | ० | १ | २ |
| ८ | १ | १ | १ | ३ |
| ९ | २ | ० | ० | २ |
| १० | ० | ० | १ | १ |
| ११ | ० | २ | ० | २ |
| **जम्माः** | **१४** | **९** | **६** | **२९** |

स्रोतः अमरगढी नगरपालिकाको अभिलेख।

# ३.३ अमरगढी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शै.स. २०७६ मा अध्ययनरत विद्यार्थी सङ्ख्या:

| Code | Name | G0 Total | | | G0 (C-based) | | | G1-5 | | | G6-8 | | | G9-10 | | | G11-12 | | | Total 0-12 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | **Girls** | **Boys** | **Total** |
| 730030001 | Shaileshwor Mahadev Pra V | 13 | 15 | 28 | 0 | 0 | 0 | 15 | 12 | 27 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 28 | 27 | 55 |
| 730030002 | Purna Giri Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 2 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 2 | 4 |
| 730030003 | Jana Jyoti Pra V | 1 | 1 | 2 | 0 | 0 | 0 | 12 | 8 | 20 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 13 | 9 | 22 |
| 730030004 | Maheshwori Pra V | 8 | 5 | 13 | 0 | 0 | 0 | 34 | 12 | 46 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 42 | 17 | 59 |
| 730030006 | Kailash Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 13 | 13 | 26 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 13 | 13 | 26 |
| 730030007 | Ganesh Man Smriti Pra V | 8 | 9 | 17 | 0 | 0 | 0 | 21 | 16 | 37 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 29 | 25 | 54 |
| 730030008 | Ashigram Adharbhut Vidyalaya | 13 | 11 | 24 | 0 | 0 | 0 | 62 | 30 | 92 | 38 | 24 | 62 | 0 | 0 | 0 | 0 | 0 | 0 | 113 | 65 | 178 |
| 730030009 | Adarsha Manilek Pra V | 5 | 6 | 11 | 0 | 0 | 0 | 44 | 26 | 70 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 49 | 32 | 81 |
| 730030010 | Bhrikuti Namuna Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 26 | 35 | 61 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 26 | 35 | 61 |
| 730030011 | Sjddhanath Adharbhut Vidyalaya | 0 | 4 | 4 | 0 | 0 | 0 | 18 | 22 | 40 | 26 | 20 | 46 | 0 | 0 | 0 | 0 | 0 | 0 | 44 | 46 | 90 |
| 730030012 | Lateshwor Adharbhut Vidyalaya | 20 | 10 | 30 | 0 | 0 | 0 | 62 | 55 | 117 | 33 | 26 | 59 | 0 | 0 | 0 | 0 | 0 | 0 | 115 | 91 | 206 |
| 730030013 | Saraswati Adharbhut Vidyalaya | 13 | 5 | 18 | 0 | 0 | 0 | 49 | 22 | 71 | 37 | 20 | 57 | 0 | 0 | 0 | 0 | 0 | 0 | 99 | 47 | 146 |
| 730030014 | Sambhu Nath Adharbhut Vidyalaya | 15 | 9 | 24 | 0 | 0 | 0 | 49 | 33 | 82 | 25 | 18 | 43 | 0 | 0 | 0 | 0 | 0 | 0 | 89 | 60 | 149 |
| 730030015 | Bhumiraj Pra V | 6 | 7 | 13 | 0 | 0 | 0 | 40 | 37 | 77 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 46 | 44 | 90 |
| 730030016 | Nil Kantha Adharbhut Vidyalaya | 9 | 7 | 16 | 0 | 0 | 0 | 25 | 29 | 54 | 13 | 16 | 29 | 0 | 0 | 0 | 0 | 0 | 0 | 47 | 52 | 99 |
| 730030017 | Ashigram Pra V | 6 | 9 | 15 | 0 | 0 | 0 | 12 | 9 | 21 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 18 | 18 | 36 |
| 730030018 | Baijanath Adharbhut Vidyalaya | 4 | 3 | 7 | 0 | 0 | 0 | 16 | 14 | 30 | 19 | 24 | 43 | 0 | 0 | 0 | 0 | 0 | 0 | 39 | 41 | 80 |
| 730030019 | Tripura Sundari Adharbhut Vidyalaya | 6 | 6 | 12 | 0 | 0 | 0 | 31 | 13 | 44 | 10 | 9 | 19 | 0 | 0 | 0 | 0 | 0 | 0 | 47 | 28 | 75 |

| Code | Name | G0 Total | | | G0 (C-based) | | | G1-5 | | | G6-8 | | | G9-10 | | | G11-12 | | | Total 0-12 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | **Girls** | **Boys** | **Total** |
| 730030020 | Jansewa Pra V | 2 | 6 | 8 | 0 | 0 | 0 | 18 | 14 | 32 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 20 | 20 | 40 |
| 730030021 | Ashigram Pra V | 4 | 1 | 5 | 0 | 0 | 0 | 11 | 6 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 15 | 7 | 22 |
| 730030023 | Bhageshwor Ma V | 13 | 12 | 25 | 0 | 0 | 0 | 64 | 46 | 110 | 96 | 67 | 163 | 69 | 45 | 114 | 34 | 13 | 47 | 276 | 183 | 459 |
| 730030024 | Baijanath Ma V | 7 | 15 | 22 | 0 | 0 | 0 | 74 | 51 | 125 | 72 | 68 | 140 | 79 | 61 | 140 | 16 | 14 | 30 | 248 | 209 | 457 |
| 730030025 | Ugratara Ma V | 10 | 10 | 20 | 0 | 0 | 0 | 54 | 42 | 96 | 80 | 65 | 145 | 58 | 56 | 114 | 46 | 22 | 68 | 248 | 195 | 443 |
| 730030026 | Sahashraling Ma V | 9 | 13 | 22 | 0 | 0 | 0 | 56 | 37 | 93 | 36 | 31 | 67 | 57 | 45 | 102 | 27 | 8 | 35 | 185 | 134 | 319 |
| 730030027 | Ghatal Ma V | 1 | 15 | 16 | 1 | 14 | 15 | 32 | 29 | 61 | 59 | 63 | 122 | 71 | 54 | 125 | 0 | 0 | 0 | 164 | 175 | 339 |
| 730030029 | Mahendra Ma V | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 51 | 51 | 102 | 92 | 120 | 212 | 149 | 162 | 311 | 292 | 333 | 625 |
| 730030030 | Bhumiraj Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 7 | 4 | 11 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 7 | 4 | 11 |
| 730030033 | Kailpal Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 5 | 3 | 8 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 5 | 3 | 8 |
| 730030041 | Ugratara Bed Bidyashram | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 26 | 26 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 26 | 26 |
| Total | Amargadhi Nagarpalika | **173** | **179** | **352** | **1** | **14** | **15** | **852** | **620** | **1472** | **595** | **528** | **1123** | **426** | **381** | **807** | **272** | **219** | **491** | **2319** | **1941** | **4260** |

# ३.४ अमरगढी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा शैक्षिक सत्र २०७६ मा अध्ययनरत दलित विद्यार्थी सङ्ख्याः

| | | G0 Total | | | G0 (C-based) | | | | G1-5 | | | G6-8 | | | G9-10 | | | G11-12 | | | G1-8 | | | G0-12 | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Code | Name | Girls | Boys | Total | Girls | Boys | Total | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total | Girls | Boys | Total |
| 730030001 | Shaileshwor Mahadev Pra V | 4 | 1 | 5 | 0 | 0 | 0 | 2 | 2 | 1 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 1 | 3 | 6 | 2 | 8 |
| 730030002 | Purna Giri Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 2 | 2 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 2 | 4 | 2 | 2 | 4 |
| 730030003 | Jana Jyoti Pra V | 1 | 0 | 1 | 0 | 0 | 0 | 3 | 9 | 5 | 14 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 9 | 5 | 14 | 10 | 5 | 15 |
| 730030004 | Maheshwori Pra V | 5 | 3 | 8 | 0 | 0 | 0 | 1 | 14 | 2 | 16 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 14 | 2 | 16 | 19 | 5 | 24 |
| 730030006 | Kailash Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 2 | 4 | 0 | 4 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 4 | 0 | 4 | 4 | 0 | 4 |
| 730030007 | Ganesh Man Smriti Pra V | 7 | 8 | 15 | 0 | 0 | 0 | 3 | 20 | 13 | 33 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 20 | 13 | 33 | 27 | 21 | 48 |
| 730030008 | Ashigram Adharbhut Vidyalaya | 9 | 9 | 18 | 0 | 0 | 0 | 7 | 26 | 17 | 43 | 15 | 9 | 24 | 0 | 0 | 0 | 0 | 0 | 0 | 41 | 26 | 67 | 50 | 35 | 85 |
| 730030009 | Adarsha Manilek Pra V | 5 | 5 | 10 | 0 | 0 | 0 | 17 | 36 | 23 | 59 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 36 | 23 | 59 | 41 | 28 | 69 |
| 730030010 | Bhrikuti Namuna Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 12 | 18 | 21 | 39 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 18 | 21 | 39 | 18 | 21 | 39 |
| 730030011 | Sjddhanath Adharbhut Vidyalaya | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 1 | 1 | 0 | 1 |
| 730030012 | Lateshwor Adharbhut Vidyalaya | 11 | 6 | 17 | 0 | 0 | 0 | 14 | 38 | 31 | 69 | 15 | 15 | 30 | 0 | 0 | 0 | 0 | 0 | 0 | 53 | 46 | 99 | 64 | 52 | 116 |
| 730030013 | Saraswati Adharbhut Vidyalaya | 6 | 0 | 6 | 0 | 0 | 0 | 5 | 20 | 6 | 26 | 4 | 3 | 7 | 0 | 0 | 0 | 0 | 0 | 0 | 24 | 9 | 33 | 30 | 9 | 39 |
| 730030014 | Sambhu Nath Adharbhut Vidyalaya | 12 | 8 | 20 | 0 | 0 | 0 | 11 | 43 | 28 | 71 | 19 | 16 | 35 | 0 | 0 | 0 | 0 | 0 | 0 | 62 | 44 | 106 | 74 | 52 | 126 |
| 730030015 | Bhumiraj Pra V | 2 | 2 | 4 | 0 | 0 | 0 | 3 | 14 | 14 | 28 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 14 | 14 | 28 | 16 | 16 | 32 |
| 730030016 | Nil Kantha Adharbhut Vidyalaya | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | 3 | 0 | 3 | 3 |
| 730030017 | Ashigram Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 | 2 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 | 2 | 1 | 1 | 2 |
| 730030018 | Baijanath Adharbhut Vidyalaya | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 0 | 4 | 4 | 3 | 7 | 10 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | 11 | 14 | 3 | 11 | 14 |
| 730030019 | Tripura Sundari Adharbhut Vidyalaya | 5 | 5 | 10 | 0 | 0 | 0 | 7 | 20 | 12 | 32 | 6 | 7 | 13 | 0 | 0 | 0 | 0 | 0 | 0 | 26 | 19 | 45 | 31 | 24 | 55 |
| 730030020 | Jansewa Pra V | 1 | 5 | 6 | 0 | 0 | 0 | 0 | 11 | 6 | 17 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 11 | 6 | 17 | 12 | 11 | 23 |
| 730030023 | Bhageshwor Ma V | 7 | 4 | 11 | 0 | 0 | 0 | 12 | 36 | 30 | 66 | 45 | 27 | 72 | 18 | 19 | 37 | 5 | 4 | 9 | 81 | 57 | 138 | 111 | 84 | 195 |
| 730030024 | Baijanath Ma V | 1 | 3 | 4 | 0 | 0 | 0 | 5 | 18 | 8 | 26 | 9 | 5 | 14 | 11 | 4 | 15 | 2 | 0 | 2 | 27 | 13 | 40 | 41 | 20 | 61 |
| 730030025 | Ugratara Ma V | 3 | 6 | 9 | 0 | 0 | 0 | 12 | 25 | 22 | 47 | 34 | 26 | 60 | 20 | 16 | 36 | 4 | 2 | 6 | 59 | 48 | 107 | 86 | 72 | 158 |
| 730030026 | Sahashraling Ma V | 6 | 12 | 18 | 0 | 0 | 0 | 8 | 29 | 25 | 54 | 10 | 11 | 21 | 12 | 13 | 25 | 5 | 1 | 6 | 39 | 36 | 75 | 62 | 62 | 124 |
| 730030027 | Ghatal Ma V | 0 | 8 | 8 | 0 | 4 | 4 | 6 | 11 | 11 | 22 | 26 | 24 | 50 | 21 | 18 | 39 | 0 | 0 | 0 | 37 | 35 | 72 | 58 | 65 | 123 |
| 730030029 | Mahendra Ma V | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 21 | 17 | 38 | 17 | 16 | 33 | 7 | 20 | 27 | 21 | 17 | 38 | 45 | 53 | 98 |
| 730030030 | Bhumiraj Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 3 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 3 | 0 | 3 | 3 | 0 | 3 |
| 730030033 | Kailpal Pra V | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 0 | 1 | 1 | 0 | 1 | 1 |
| **003** | **Amargadhi Nagarpalika** | **85** | **85** | **170** | **0** | **4** | **4** | **132** | **400** | **283** | **683** | **208** | **170** | **378** | **99** | **86** | **185** | **23** | **27** | **50** | **608** | **453** | **1061** | **815** | **655** | **1470** |

## ३.५ अमरगढी नगरपालिकाका सामुदायिक विद्यालयमा रहेको शिक्षक दरवन्दी विवरणः

| विद्यालयको नाम | कोड | प्राथमिक | | निम्नमाध्यमिक | | माध्यमिक (९-१०) | | माध्यमिक (११-१२) | | प्रशिक्षक | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | स्वीकृत | राहत | स्वीकृत | राहत | | | मा.द्वितीय | मा.तृतीय | नि.मा. तृतीय | |
| शैलेश्वर महादेब प्रावि अमरगढी ७ तिलाडी | 730030001 | १ | १ | ० | ० | | | | | | | | २ |
| पूर्णागिरी प्रावि, अमरगढी -५, जिलोडा | 730030002 | २ | १ | ० | ० | | | | | | | | ३ |
| जनज्योति प्रावि, अमरगढी २, आदित्यपुर | 730030003 | ३ | ० | ० | ० | | | | | | | | ३ |
| माहेश्वरी प्रावि अमरगढी -९ निदालगाउँ | 730030004 | ३ | ० | ० | ० | | | | | | | | ३ |
| कैलाश प्रावि अमरगढी -६, भक्तपुर | 730030006 | १ | १ | ० | ० | | | | | | | | २ |
| गणेशमान स्मृति प्रावि अमरगढी -६, दुमडा | 730030007 | २ | १ | ० | ० | | | | | | | | ३ |
| असिग्राम आवि अमरगढी ११, लिटिरगाउँ | 730030008 | २ | २ | ० | ० | | | | | | | | ४ |
| आदर्शमणिलेक प्रावि अमरगढी -९, लटसेरा | 730030009 | ३ | १ | ० | ० | | | | | | | | ४ |
| भृकुटी प्रा.वि. अमरगढी -५ खलंगा | 730030010 | ३ | ० | ० | ० | | | | | | | | ३ |
| सिद्धनाथ आवि अमरगढी -३ चिरकिट्टे | 730030011 | २ | २ | ० | ० | | | | | | | | ४ |
| लटेश्वर आवि अमरगढी -१ मालम | 730030012 | ३ | १ | ० | २ | | | | | | | | ६ |
| सरस्वती आवि अमरगढी -१ फिन्नेकोट | 730030013 | ३ | ० | १ | २ | | | | | | | | ६ |
| शम्भुनाथ आवि अमरगढी -६, छचोडा | 730030014 | ३ | २ | ० | २ | | | | | | | | ७ |
| भूमिराज प्रावि अमरगढी -८, बागचौर | 730030015 | ३ | ० | ० | ० | | | | | | | | ३ |
| निलकण्ठ आवि अमरगढी -३, लरडा | 730030016 | ३ | १ | ० | ० | | | | | | | | ४ |
| असिग्राम प्रावि सुनेडा अमरगढी-४, सुनेडा | 730030017 | ३ | ० | ० | ० | | | | | | | | ३ |
| वैजनाथ आवि अमरगढी -४, भलिया | 730030018 | ३ | ० | ० | ० | | | | | | | | ३ |
| त्रिपुरासुन्दरी आवि अमरगढी २, बिरखम्ब | 730030019 | ४ | ० | ० | ० | | | | | | | | ४ |
| जनसेवा प्रावि अमरगढी ३, पथरोडा | 730030020 | ३ | १ | ० | ० | | | | | | | | ४ |
| अशिग्राम प्रा.वि. अमरगढी ५, सेलागाउँ | 730030021 | ३ | ० | ० | ० | | | | | | | | ३ |
| भूमिराज प्रावि अमरगढी १ शान्तिनगर | 730030030 | २ | ० | ० | ० | | | | | | | | २ |
| कैलपाल प्रा.वि. अमरगढी १, झर्ता | 730030033 | ० | २ | ० | ० | | | | | | | | २ |
| भागेश्वर मावि अमरगढी-८, टाँटर | 730030023 | ४ | १ | ३ | १ | ३ | २ | १ | | | | | १५ |
| बैजनाथ मावि अमरगढी-२, मौरडा | 730030024 | ५ | ० | १ | ३ | २ | ३ | ० | | | | | १४ |
| उग्रतारा मावि अमरगढी-७, पोखरा | 730030025 | ५ | ० | ४ | ० | ५ | ० | २ | | | | | १६ |
| सहश्रलिङ्ग मावि अमरगढी-१०, राई | 730030026 | ५ | ० | ४ | ० | २ | २ | २ | | | | | १५ |
| घटाल मावि अमरगढी-३, नुवाकोट | 730030027 | ५ | ० | ३ | ० | ५ | ० | २ | | | | | १५ |
| महेन्द्र मावि अमरगढी-५, खलङ्गा | 730030028 | ० | ० | ४ | १ | ६ | ० | ५ | | २ | २ | २ | २२ |
| **जम्मा** | | **७९** | **१७** | **२०** | **११** | **२३** | **७** | **१२** | | २ | २ | २ | **१७५** |

स्रोतः अमरगढी नगरपालिकाको अभिलेख।

# खण्ड - ४

## आ.व.२०७५/०७६ मा सम्पन्न कार्यक्रमहरु

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत आर्थिक वर्ष २०७५।०७६ मा विभन्न कार्यक्रमहरु सम्पन्न भएका छन् । संघीय सरकारबाट प्राप्त भएका सशर्त अनुदान तर्फका कार्यक्रमहरुका साथै नगरपालिकास्तरबाट समेत विभिन्न कार्यक्रमहरु तय भइ सम्पन्न भएका छन् । सशर्त अनुदानका लागि विनियोजित रू. १०करोड ६५ लाख ७३ हजार मध्ये रू. ९ करोड ९० लाख ५९ हजार ८ सय ९१ खर्च भई ९२.९५ प्रतिशत वित्तीय प्रगती हासिल भएको छ । त्यस्तै नगरपालिका स्तरबाट विनियोजित रू. ४८ लाख ३८ हजार २ सय १३ मध्ये रू. ४० लाख ७ हजार ३ सय ८३ खर्च भई ८२.८३ प्रतिशत वित्तीय प्रगति हासिल भएको छ ।

आ.व. २०७५/०७६ मा सम्पन्न केही प्रमुख क्रियाकलापहरु यहाँ उल्लेख गरिएको छ ।

### ४.१ निःशुल्क पाठ्यपुस्तक अनुदानः

पाठ्यक्रम विकास केन्द्रद्वारा निर्धारित पाठ्यपुस्तकको दर रेटका आधारमा कक्षा १ देखि १० सम्मका सम्पूर्ण विद्यार्थीहरुका लागि ३१२० सेट निःशुल्क पाठ्यपुस्तकका लागि विद्यालयहरुलाई अनुदान उपलब्ध गराइएको साथै कक्षा ११ र १२ मा अध्ययन गर्ने विद्यार्थीका लागि पुस्तकहरुको व्यवस्था गर्न विद्यालयहरुलाई अनुदान उपलब्ध गराइएको ।

### ४.२ कक्षा ८ को परीक्षा सञ्चालन व्यवस्थापनः

साविकमा जिल्लास्तरीय परीक्षाका रुपमा कक्षा ८ को परीक्षा सञ्चालन हुँदै आएकोमा २०७४ सालदेखि नगरपालिका स्तरबाट व्यवस्थापन गरिदै आएको छ । २०७५ सालको नगरस्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को व्यवस्थापन  अमरगढी नगरपालिकामा गत वर्षको भन्दा व्यवस्थित रुपमा सञ्चालन भएको छ । स्तरीकृत परीक्षाका रुपमा कार्यविधिको विकास गरी परीक्षा केन्द्र निर्धारण, केन्द्राध्यक्ष र निरीक्षकको व्यवस्था, उत्तरपुस्तिका परीक्षणमा कोडिङ, परीक्षकको व्यवस्था, सफ्टवेयर मार्फत ग्रेडलेजर र ग्रेडसीटको तयारी लगायतका सुधारारत्मक कार्यहरु सम्पन्न भएका छन् ।

### ४.३ गणित, विज्ञान र अङ्ग्रेजी विषयका लागि क्रियाकलापमा आधारित सामग्री अनुदानः

यस शीर्षकअनुसार सामग्री व्यवस्था गर्न देहायको विद्यालयलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | लटेश्वर आधारभूत विद्यालय | अमरगढी १ मालम | ५०,०००।- | |

### ४.४ उत्कृष्ट विद्यालयलाई सिकाइ सुदृढीकरण प्रोत्साहन अनुदान र कार्यसम्पादनमा आधारित अनुदानः

यस शीर्षकमा देहायका विद्यालयहरूलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | महेन्द्र माध्यमिक विद्यालय | अमरगढी ५ खलङ्गा | २,००,०००।- | उत्कृष्ट विद्यालय |

| | | | | |
|---|---|---|---|---|
| २ | भागेश्वर माध्यमिक विद्यालय | अमरगढी ८ टाँटर | ५०,०००।- | |
| ३ | बैजनाथ माध्यमिक विद्यालय | अमरगढी-२, मौरडा | ५०,०००।- | |
| ४ | उग्रतारा माध्यमिक विद्यालय | अमरगढी-७, पोखरा | ५०,०००।- | |
| ५ | घटाल माध्यमिक विद्यालय | अमरगढी-३, नुवाकोट | ५०,०००।- | |
| ६ | सहस्र्रलिङ्ग माध्यमिक विद्यालय | अमरगढी-१०, राई | ५०,०००।- | |

### ४.५ पानी तथा स्वास्थ्य र सरसफाइ सुविधासहितको शौचालय निर्माणः

यस शीर्षकमा देहायका विद्यालयहरूलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | बैजनाथ माध्यमिक विद्यालय | अमरगढी-२, मौरडा | ७,००,०००।- | |
| २ | असिग्राम आधारभूत विद्यालय | अमरगढी ११ लिटिरीगाउँ | ७,००,०००।- | |

### ४.६ पुस्तकालय स्थापना व्यवस्थापनः

यस शीर्षकमा देहायको विद्यालयलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | निलकण्ठ आधारभूत विद्यालय | अमरगढी-३, लरडा | ६,५०,०००।- | |

### ४.७ विज्ञान प्रयोगशाला अनुदानः

यस शीर्षकमा देहायको विद्यालयलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | महेन्द्र माध्यमिक विद्यालय | अमरगढी-५, खलङ्गा | ६,५०,०००।- | |

### ४.८ चारकोठे भवन सहित फर्निचर निर्माण (क्रमागत):

यस शीर्षकमा देहायको विद्यालयलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | सहश्रलिङ्ग माध्यमिक विद्यालय | अमरगढी-१०, राई | १८,००,०००।- | गत आ.व. समेत गरी कुल रु.३६ लाख |

### ४.९ दुई कोठे नया कक्षाकोठा सहित फर्निचर निर्माणः

यस शीर्षकमा देहायका विद्यालयहरूलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | त्रिपुरा सुन्दरी आधारभूत विद्यालय | अमरगढी-०२, बीरखम्ब | १६,००,०००।- | |
| २ | भुमिराज प्राथमिक विद्यालय | अमरगढी-०८, बागचौर | १६,००,०००।- | |

### ४.१० शिक्षण सिकाइमा सूचना प्रविधिको प्रयोग (सामग्री तथा कनेक्टिभिटी) अनुदानः

यस शीर्षकमा देहायको विद्यालयलाई अनुदान उपलब्ध गराइ कार्य सम्पन्न भएको छ ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | भागेश्वर माध्यमिक विद्यालय | अमरगढी-०८, टाँटर | ६,५०,०००।- | |

### ४.११ छात्रवृत्तिः

यस शीर्षकबाट अमरगढी नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा कक्षा १ देखि १० सम्म अध्ययनरत बालबालिकाहरुलाई गैर आवासीय र आवासीय गरी दुई प्रकारको छात्रवृत्ति वितरण गरिएको छ। गैर आवासीय छात्रवृत्ति अन्तर्गत कक्षा १-८ मा अध्ययनरत छात्रा र दलित विद्यार्थीहलाई प्रति विद्यार्थी वार्षिक रु.४०० र कक्षा ९-१० का दलित विद्यार्थीलाई प्रति विद्यार्थी रु. ५०० का दरले २२६६ जना विद्यार्थीलाई छात्रवृत्ति वितरण गरिएको छ। त्यस्तै आवासीय छात्रवृत्ति अन्तर्गत ७ जना अपाङ्गता भएका विद्यार्थीहरुलाई अपाङ्गताको श्रेणी अनुसार छात्रवृत्ति वितरण गरिएको छ। जस अनुरुप ख वर्गका २ जनालाई जनही वार्षिक रु.५०००, ग वर्गका २ जनालाई जनही वार्षिक रु. ३००० र घ वर्गका ३ जनालाई जनही वार्षिक रु. १००० का दरले छात्रवृत्ति वितरण गरिएको हो।

### ४.१२ सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदानः

यस शीर्षकमा अमरगढी नगरपालिका अन्तर्गतका ५ वटा सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुलाई जनही मासिक रु.६२०० का दरले पारिश्रमिक उपलब्ध गराइनुका साथै देहायको कार्यक्रम समेत सम्पन्न भएको छः

| क्र.सं. | सिकाइ केन्द्रको नाम | ठेगाना | कार्यक्रम | अनुदान रकम रु |
|---|---|---|---|---|
| १ | अमरगढी सामुदायिक सिकाइ केन्द्र | अमरगढी-०१, राईं | विपन्न, दलित, असहाय महिलाहरुका लागि बीउबिजन वितरण र करेसावारी सम्बन्धी क्षमता विकास कार्यक्रम | १,२६,०००।- |

### ४.१३ शिक्षण सहयोग अनुदानः

यस शीर्षकबाट अमरगढी नगरपालिकाका सामुदायिक विद्यालयहरुमध्ये आधारभूत तह (६-८) मा कुनै पनि शिक्षक दरवन्दी वा राहत अनुदान प्राप्त नगरेका देहायका विद्यालयहरुलाई अनुदान उपलब्ध गराइएको छ।

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | अनुदान रकम रु | कैफियत |
|---|---|---|---|---|
| १ | असिग्राम आधारभूत विद्यालय | अमरगढी-११, लिटिरीगाउँ | २८२००० | |
| २ | सिद्धनाथ आधारभूतविद्यालय | अमरगढी-३, चिरकिट्टे | २८२००० | |
| ३ | निलकण्ठ आधारभूत विद्यालय | अमरगढी-३, लरडा | ८४००० | |
| ४ | बैजनाथ आधारभूत विद्यालय | अमरगढी-४ भलिया | ८४००० | |

### ४.१४ राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) सम्बद्ध क्रियाकलापहरुः

राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम (NEGRP) कक्षा १-३ मा अध्ययनरत विद्यार्थीहरुको पठन सीपमा सुधार गरी सिकाइ गुणस्तरमा सुधार ल्याउने उद्देश्यका साथ सन् २०१४/१५ देखि सञ्चालित कार्यक्रम हो। यस कार्यक्रम अन्तर्गत २०७५/०७६ मा अमरगढी नगरपालिकाका कक्षा १-३ सञ्चालित सामुदायिक विद्यालयहरुका लागि देहायका क्रियाकलापहरु सम्पन्न भएका छन् :

- शै.स. २०७६ का लागि शैक्षणिक सामग्री अन्तर्गत विद्यार्थीका लागि अभ्यास पुस्तिका र अन्य पुरक सामग्रीहरु वितरण गरिएको
- शिक्षकहरुका लागि शिक्षक निर्देशिकाहरु उपलब्ध गराइएको

– कक्षा १-३ का विद्यार्थीहरुको पठन सीप परीक्षण गरिएको

– विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघका पदाधिकारीहरुको क्षमता विकास गरिएको

– स्रोतकेन्द्रस्तरीय पुनरावलोकन गरिएको

– स्रोतकेन्द्र स्तरीय चौमासिक समीक्षा बैठक तथा अन्तर्क्रिया गरिएको

– प्रारम्भिक कक्षाको पढाइ सम्बन्धमा शिक्षकहरुलाई शिक्षक पेशागत विकास (TPD) र प्रधानाध्यापकहरुलाई शिक्षक पेशागत सहयोग (TPS) तालिम प्रदान गरिएको ।

– विद्यालय व्यवस्थापन अनुदान (SMC Grant) का लागि छनोट भएका ९ वटा विद्यालयहरुमा EGRP कार्यक्रमबाट प्रति विद्यालय रु.२ लाख अनुदान दिइ प्रत्येक विद्यालयमा छापामय कक्षाकोठा निर्माण, पढाइ मेलाको आयोजना, दौँतरी शिक्षा कार्यक्रम, समुदाय स्तरमा पढाइ कुना/घुम्ती पढाइ कुनाको आयोजना EGRP गतिविधि सहितको SIP निर्माण लगायतका कार्यक्रमहरु सम्पन्न भएका ।

EGRP अन्तर्गत SMC Grant प्राप्त गरेका अमरगढी न.पा. का विद्यालयहरुको विवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना | विद्यालय कोड |
|---|---|---|---|
| १ | महेश्वरी प्रा.वि. | अमरगढी -९ निदालगाउँ | 730030004 |
| २ | असिग्राम आ.वि. | अमरगढी -११, लिटिरगाउँ | 730030008 |
| ३ | आदर्श मणिलेक प्रा.वि. | अमरगढी -९, लटसेरा | 730030009 |
| ४ | लटेश्वर आ.वि. | अमरगढी -१ मालम | 730030012 |
| ५ | भूमिराज प्रा.वि. | अमरगढी -८, बागचौर | 730030015 |
| ६ | त्रिपुरासुन्दरी आ.वि. | अमरगढी २, बिरखम्ब | 730030019 |
| ७ | उग्रतारा मा.वि. | अमरगढी-७, पोखरा | 730030025 |
| ८ | सहश्रलिङ्ग मा.वि. | अमरगढी-१०, राई | 730030026 |
| ९ | घटाल मा.वि. | अमरगढी-३, नुवाकोट | 730030027 |

## ४.१५ नगरपालिका स्तरबाट तय भई सम्पन्न भएका अन्य शैक्षिक कार्यक्रमहरू:

अमरगढी नगरपालिकास्तरबाट तय भइ आ.व. २०७५/७६ मा सम्पन्न भएका अन्य कार्यक्रमहरुको विवरण देहायबमोजिम छः

– विद्यालयको शैक्षिक गुणस्तर अभिबृद्धिका लागि प्रचारप्रसार कार्यक्रम गरिएको ।

– नमुना विद्यालय प्रोत्साहन देहायका विद्यालयहरुलाई उपलब्ध गराइएकोः

- श्री महेन्द्र माध्यमिक विद्यालय अमरगढी ५ खलङ्गाः रु. ३ लाख
- श्री सरस्वती आ.वि. अमरगढी ११ फिन्नेकोटः रु. २ लाख
- श्री भुमिराज प्रा.वि. अमरगढी ८ बागचौरः रु. १ लाख

– सबै सामुदायिक मा.वि. लाई प्रविधिमैत्री अनुदान (जम्मा रु. २००२१३।-) उपलब्ध गराइएको ।

– शैक्षिक गुणस्तर परीक्षणको लागि कक्षा ५ का विद्यार्थीहरुको बाह्य परीक्षा सञ्चालन गरिएको ।

– शैक्षिक गुणस्तर अभिबृद्धिका लागि शिक्षकको आवश्यकतामा आधारित तालिम अन्तर्गत आधारभूत तहमा कम्प्यूटर विषय अध्यापन गर्ने शिक्षकहरुलाई तालिम प्रदान गरिएको ।

– सिकाइ आदानप्रदानका लागि नियमित रुपमा शिक्षक तथा प्रधानाध्यापक बैठक सञ्चालन गरिएको ।

– देहायका भौतिक सुविधा विस्तारका क्रियाकलापहरु सम्पन्न गरिएको:

- भीमदत्त बहुमुखी क्याम्पस पूर्वाधार तथा फर्निचर निर्माणः रु.२ लाख ।
- खेताखोला खेलमैदान निर्माणः रु.२ लाख ।
- भागेश्वर मा.वि. टाँटर घेरबारः रु.१ लाख ५० हजार ।
- घटाल मा.वि. नुवाकोट घेरबारः रु.१ लाख ५० हजार ।
- बैजनाथ मा.वि. मौरडा कोठा मर्मतः रु.१ लाख ५० हजार ।
- उग्रतारा मा.वि. पोखराः रु.१ लाख ५० हजार ।
- सहश्रलिङ्ग मा.वि. राईः रु.१ लाख ५० हजार ।
- महेन्द्र मा.वि. खलङ्गाः रु.१ लाख ६ हजार २ सय २० ।

## ४.१६ युवा क्लब गठन र युवा संसद स्थापना र सञ्चालनः

यस शीर्षकमा अमरगढी नगरपालिकाका प्रत्येक वडामा (४ नं. वडामा बाँकी) युवा क्लब गठन गरिनुका साथै युवा क्लबका पदाधिकारी समेतको प्रतिनिधित्त्व हुने गरी नमुना युवा संसद स्थापना र सञ्चालनको अभ्यास नगरपालिकाको सभाहलमा सम्पन्न भएको थियो । नगरस्तरबाट छनोट भएका २ जना युवाले प्रदेश स्तरको नमुना युवा संसदमा समेत सहभागीता जनाएका थिए ।

## ४.१७ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताः

अमरगढी नगरपालिका अन्तर्गतका सामुदायिक र संस्थागत गरी जम्मा ११ मध्ये १० वटा माध्यमिक विद्यालयहरुको सहभागितामा २०७६ जेठ २० देखि २२ गतेसम्म नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन भइ सम्पन्न भएको थियो । जिल्ला समन्वय समिति डडेल्धुराका प्रमुख श्री गणेश राज भट्ट ज्यू को प्रमुख आतिथ्यमा अमरगढी ४ टुँडिखेल स्थित खेल मैदानमा प्रतियोगिता सञ्चालन भएको हो ।

**अमरगढी न.पा. स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता- २०७६ का सहभागी विद्यालयहरु र नतिजा**

| सहभागी विद्यालयको नाम | विद्यालयको प्रकार | पदक सङ्ख्या | नतिजा |
|---|---|---|---|
| उग्रतारा मावि पोखरा | सामुदायिक | ९ स्वर्ण, ९ रजत, २ काश्य | द्वितीय |
| क्याम्ब्रिज पब्लिक स्कुल | संस्थागत | ० स्वर्ण, ० रजत, ० काश्य | |
| घटाल मावि नुवाकोट | सामुदायिक | ३ स्वर्ण, १ रजत, १ काश्य | |
| बैजनाथ मावि मौरडा | सामुदायिक | १९ स्वर्ण, ८ रजत, ७ काश्य | प्रथम |
| भगवती इ.बो.स्कुल कीर्तिपुर | संस्थागत | १ स्वर्ण, १ रजत, १ काश्य | |
| भागेश्वर मावि टाँटर | सामुदायिक | ० स्वर्ण, ३ रजत, ४ काश्य | |

| | | | |
|---|---|---|---|
| महेन्द्र मावि खलङ्गा | सामुदायिक | ६ स्वर्ण, ५ रजत, ७ काश्य | तृतीय |
| माउन्टेन मावि बागबजार | संस्थागत | ३ स्वर्ण, ६ रजत, ७ काश्य | |
| सहश्रलिङ्ग मावि राईं | सामुदायिक | ० स्वर्ण, १ रजत, १ काश्य | |
| ज्ञानोदय मावि तुफानडाँडा | संस्थागत | २ स्वर्ण, १ रजत, ३ काश्य | |

नगरपालिका स्तरबाट जिल्लास्तरका लागि छनोट भएका ९१ जना विद्यार्थी खेलाडीहरुले २०७६ असारमा सञ्चालित डडेल्धुरा जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा नगरपालिकाको तर्फबाट सहभागीता जनाएका थिए । जिल्लाका सातवटै स्थानीय तहका टीमहरुले सहभागिता जनाएकोमा अमरगढी नगरपालिकाको टीमले प्रथम स्थान प्राप्त गरी सिल्ड र प्रमाणपत्र प्राप्त गरेको थियो ।

**जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्डमा अमरगढी नगरपालिकाको तर्फबाट सहभागी विद्यार्थी खेलाडीहरु**

**खेल विधाः भलिबल (छात्र/छात्रा)**

| विद्यार्थीको नाम (छात्र) | विद्यालयको नाम | विद्यार्थीको नाम (छात्रा) | विद्यालयको नाम |
|---|---|---|---|
| गणेश भाट | | अनिता साउँद | |
| अशोक रोकाया | | विना साउँद | |
| महेश बहादुर देउवा | | विष्ना पाण्डेय | |
| सुरेन्द्र बहादुर भाट | | सरस्वती भण्डारी | |
| सौरभ विष्ट | ज्ञानोदय मावि तुफानडाँडा | माया लामा | महेन्द्र मावि खलङ्गा |
| लक्ष्मण विष्ट | | सपना जोशी | |
| मिन ताम्राकार | | लक्ष्मी पाल | |
| चिरञ्जीवी पन्त | | शान्ती बोहरा | |
| रोशन ठगुन्ना | | संचिता खडायत | |

**खेल विधाः कबड्डी (छात्र/छात्रा)**

| विद्यार्थीको नाम (छात्र) | विद्यालयको नाम | विद्यार्थीको नाम (छात्रा) | विद्यालयको नाम |
|---|---|---|---|
| अभय ठाकुर | | खगेश्वरी बोहरा | |
| पुष्कर पाल | | ईश्वरी बोहरा | |
| आयुश भाट | | तारा भट्टराई | |
| आशिक पुजारा | | हेमा भट्टराई | |
| डम्बर वि.क. | महेन्द्र मावि खलङ्गा | पार्वती भण्डारी | उग्रतारा मावि पोखरा |
| दीपक साउँद | | दिपिका भट्टराई | |
| प्रमोद पाण्डेय | | रक्षा भण्डारी | |
| सरोज ताम्राकार | | देवकी भट्टराई | |
| ज्ञानेन्द्र माझी | | डम्बरी भण्डारी | |

**खेल विधाः एथलेटिक्स (छात्र)**

| ट्र्याकतर्फ | विद्यार्थी १ को नाम | विद्यालयको नाम | विद्यार्थी २ को नाम | विद्यालयको नाम |
|---|---|---|---|---|
| १०० मि. दौड | गिरिजा राना | बैजनाथ मावि मौरडा | प्रशान्त भण्डारी | घटाल मावि नुवाकोट |
| २०० मि. दौड | आवास साउँद | माउन्टेन मावि बागबजार | सुनिल ताम्राकार | उग्रतारा मावि पोखरा |
| ४०० मि. दौड | गिरिजा राना | बैजनाथ मावि मौरडा | इन्द्र रावल | उग्रतारा मावि पोखरा |
| ८०० मि. दौड | सुनिल ताम्राकार | उग्रतारा मावि पोखरा | सागर ऐर | माउन्टेन मावि बागबजार |
| १५०० मि. दौड | जितेन्द्र बुढाऐर | उग्रतारा मावि पोखरा | विष्णु बहादुर विष्ट | महेन्द्र मावि खलङ्गा |

| | | | | |
|---|---|---|---|---|
| ३००० मि. दौड | प्रकास बोहरा | उग्रतारा मावि पोखरा | अर्जुन ऐर | बैजनाथ मावि मौरडा |
| ४*१०० मि. रिले | बलवीर सार्की | बैजनाथ मावि मौरडा | - | - |
| | अर्जुन ऐर | | - | |
| | महेश पाल | | - | |
| | गिरिजा राना | | - | |
| ४*४०० मि. रिले | महेश पाल | बैजनाथ मावि मौरडा | - | - |
| | केशव ऐर | | - | |
| | बलवीर सार्की | | - | |
| | गिरिजा राना | | - | |
| **फिल्ड तर्फ** | | | | |
| हाइजम्प | नवीन विष्ट | महेन्द्र मावि खलङ्गा | रवीन भण्डारी | उग्रतारा मावि पोखरा |
| लङजम्प | सागर बुढाऐर | उग्रतारा मावि पोखरा | नवीन विष्ट | महेन्द्र मावि खलङ्गा |
| त्रिपलजम्प | सागर बुढाऐर | उग्रतारा मावि पोखरा | सागर ऐर | माउन्टेन मावि बागबजार |
| ज्याभलिङ थ्रो | ललित बुढाऐर | माउन्टेन मावि बागबजार | बलवीर सार्की | बैजनाथ मावि मौरडा |
| सटफुट | करन ओली | महेन्द्र मावि खलङ्गा | सुनिल ताम्राकार | उग्रतारा मावि पोखरा |

**खेल विधाः एथलेटिक्स (छात्रा)**

| ट्र्याकतर्फ | विद्यार्थी १ को नाम | विद्यालयको नाम | विद्यार्थी २ को नाम | विद्यालयको नाम |
|---|---|---|---|---|
| १०० मि. दौड | हिरा अवस्थी | महेन्द्र मावि खलङ्गा | अस्मी नेपाली | बैजनाथ मावि मौरडा |
| २०० मि. दौड | ललिता दियाल | बैजनाथ मावि मौरडा | अम्बिका झुकाल | भागेश्वर मावि टाँटर |
| ४०० मि. दौड | हिरा अवस्थी | महेन्द्र मावि खलङ्गा | निर्मला साहु | उग्रतारा मावि पोखरा |
| ८०० मि. दौड | निर्मला साहु | उग्रतारा मावि पोखरा | अञ्जली पाण्डेय | भागेश्वर मावि टाँटर |
| १५०० मि. दौड | लक्ष्मी पनेरु | घटाल मावि नुवाकोट | भागरथी बोहरा | उग्रतारा मावि पोखरा |
| ३००० मि. दौड | लक्ष्मी पनेरु | घटाल मावि नुवाकोट | भागरथी बोहरा | उग्रतारा मावि पोखरा |
| ४*१०० मि. रिले | उर्मिला ऐर | ज्ञानोदय मावि तुफानडाँडा | - | - |
| | राधिका अवस्थी | | - | |
| | विनिता भट्ट | | - | |
| | वसन्ती ठगुन्ना | | - | |
| ४*४०० मि. रिले | भागरथी बोहरा | उग्रतारा मावि पोखरा | - | |
| | विपना कैनी | | - | |
| | निर्मला साहु | | - | |
| | तारा बोहरा | | - | |
| **फिल्ड तर्फ** | | | | |
| हाइजम्प | कलावती भण्डारी | उग्रतारा मावि पोखरा | सृजना अवस्थी | ज्ञानोदय मावि तुफानडाँडा |
| लङजम्प | गायत्री बोहरा | घटाल मावि नुवाकोट | सुमित्रा दियाल | बैजनाथ मावि मौरडा |
| त्रिपलजम्प | सुमित्रा दियाल | बैजनाथ मावि मौरडा | तारा बोहरा | उग्रतारा मावि पोखरा |
| ज्याभलिङ थ्रो | भुवनेश्वरी साउँद | बैजनाथ मावि मौरडा | मनिषा मल्ल | महेन्द्र मावि खलङ्गा |
| सटफुट | पुजा श्रेष्ठ | बैजनाथ मावि मौरडा | मनिषा मल्ल | महेन्द्र मावि खलङ्गा |

**खेल विधाः मार्सल आर्ट (छात्र)**

| कराँते तर्फ | विद्यार्थी १ को नाम | विद्यालयको नाम | विद्यार्थी २ को नाम | विद्यालयको नाम |
|---|---|---|---|---|
| u- ४२ केजी | बिमल खडायत | बैजनाथ मावि मौरडा | आकास महर्जन | महेन्द्र मावि खलङ्गा |
| u- ४७ केजी | किशोर साउँद | भगवती ई.बो.मावि कीर्तिपुर | यादव थापामगर | बैजनाथ मावि मौरडा |
| u- ५२ केजी | सन्तोष सिंह ओड | बैजनाथ मावि मौरडा | आयुश ऐर | माउन्टेन मावि बागबजार |
| काता एकल | सन्तोष सिंह ओड | बैजनाथ मावि मौरडा | किशोर साउँद | भगवती ई.बो.मावि कीर्तिपुर |
| **तेक्वान्दो तर्फ** | | | | |
| u- ४५ केजी | जीवन देउवा | माउन्टेन मावि बागबजार | चन्द्र तामाङ | बैजनाथ मावि मौरडा |
| u- ४८ केजी | नरेन्द्र थापामगर | बैजनाथ मावि मौरडा | - | - |
| u- ५१ केजी | वसन्त चौधरी | बैजनाथ मावि मौरडा | - | - |

**खेल विधाः मार्सल आर्ट (छात्रा)**

| कराँते तर्फ | विद्यार्थी १ को नाम | विद्यालयको नाम | विद्यार्थी २ को नाम | विद्यालयको नाम |
|---|---|---|---|---|
| u- ४० केजी | दिया श्रेष्ठ | बैजनाथ मावि मौरडा | - | - |
| u- ४५ केजी | दिलमाया थापामगर | बैजनाथ मावि मौरडा | - | - |
| u- ५० केजी | लक्ष्मी कामी | बैजनाथ मावि मौरडा | - | - |
| काता एकल | लक्ष्मी कामी | बैजनाथ मावि मौरडा | - | - |
| **तेक्वान्दो तर्फ** | | | | |
| u- ४२ केजी | पवित्रा थापामगर | बैजनाथ मावि मौरडा | - | - |
| u- ४४ केजी | अस्मिता ताम्राकार | बैजनाथ मावि मौरडा | - | - |
| u- ४६ केजी | दुर्गा ऐर | बैजनाथ मावि मौरडा | - | - |

## खण्ड - ५

## आ.व.२०७६/०७७ मा विद्यालयस्तरमा सञ्चालन हुने कार्यक्रम र कार्यान्वयन प्रक्रिया

- **संघीय सरकारबाट निर्धारित सशर्त तर्फका कार्यक्रम र कार्यान्वयन प्रक्रिया**

### ५.१ प्रारम्भिक बाल विकास / पूर्वप्राथमिक कक्षाका सहजकर्ताहरूको पारिश्रमिक :

विद्यालय र विद्यालयसँग मातृ सम्बन्ध स्थापना गरी सञ्चालनमा रहेका प्रारम्भिक बालविकास केन्द्रका सहजकर्ताको पारिश्रमिक प्रति महिना रु. ६०००।- का दरले र चाडपर्व खर्चसहित १३ महिनाको हुन आउने रकम र वार्षिक रु.१०,०००।- पोशाक खर्च विद्यालयको खातामा अनुदान दिइने। यसका लागि सम्बन्धित विद्यालयले प्रमणित हाजिरी र सिफारिसका साथै अघिल्लो चौमासिक अवधिको पारिश्रमिक बुझेको भर्पाइ सहित माग पेश गर्नुपर्ने। विद्यालयले शैक्षिक तथ्यांक (IEMIS) भर्दा प्रारम्भिक बाल कक्षाको तथ्याङ्क अनिवार्य रुपमा भर्ने। समुदायमा आधारित बाल विकास केन्द्रका सहजकर्ता हरुको पारिश्रमिक अनुदान दिँदा सम्बन्धित संस्था/मातृविद्यालयले शैक्षिक तथ्याङ्क २०७६ भरी प्रमाणित भएको यकिन गरेर अनुदान दिइने।

### ५.२ विद्यालय कर्मचारी व्यवस्थापन अनुदान :

आधारभूत तथा माध्यमिक तह सञ्चालन भएका विद्यालयहरुमा विद्यालय सहयोगी कर्मचारी र विद्यालय सहायक कर्मचारी व्यवस्थापनका लागि देहाय अनुसारको  रकम पारिश्रमिकको रुपमा अनुदान दिइने। यसका लागि विद्यालयहरुले अघिल्लो चौमासिक अवधिको पारिश्रमिक बुझेको भर्पाइ सहित माग पेश गर्नुपर्ने।

**आधारभूत विद्यालय :**

क) कक्षा १-२ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि वार्षिक एकमुष्ठ रु. २६,०००।- पारिश्रमिक अनुदान।

ख) कक्षा १–३ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक रु.४,०००।- का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान।

ग) कक्षा १– ५ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक रु.४,५००।- का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान।

घ) कक्षा १–८ सम्म चलेका विद्यालयलाई १ जना विद्यालय सहयोगीका लागि मासिक रु.७,५००।- का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान।

ङ) सबैलाई वार्षिक रु. १००००।- पोशाक खर्चवापत उपलब्ध गराइने।

**माध्यमिक विद्यालय :**

क) कक्षा १-१० तथा १-१२ सम्म चलेका विद्यालयमा १ जना विद्यालय सहयोगीका लागि मासिक रु ७,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान।

ख) कक्षा १-१० तथा १-१२ सम्म चलेका विद्यालयमा १ जना विद्यालय सहायक कर्मचारीका लागि मासिक रु ११,५००। का दरले १३ महिना बराबरको पारिश्रमिक अनुदान।

ग) सबैलाई वार्षिक रु. १००००।- पोशाक खर्चवापत उपलब्ध गराइने।

## ५.३ प्रति विद्यार्थी लागतका आधारमा शिक्षण सिकाइ सामग्री अनुदानः

यस शीर्षकमा विद्यालयलाई निम्नानुसारका बजेट अनुदान उपलब्ध गराइनेः

| शीर्षक | प्रति विद्यार्थी वार्षिक रु. |
|---|---|
| प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास / पूर्वप्राथमिक कक्षाका लागि अनुदान | ५०० |
| सिकाइका लागि निरन्तर विद्यार्थी मल्याङ्कन: आवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान र कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेत ब्यवस्थापनका लागि | १०० |
| शिक्षण सिकाइ सामग्री तथा Book Corner ब्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा १-५ | १५० |
| शिक्षण सिकाइ सामग्री ब्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ६-८ | २०० |
| शिक्षण सिकाइ सामग्री ब्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१० | २०० |
| शिक्षण सिकाइ सामग्री ब्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ११-१२ | २५० |
| शिक्षण सिकाइ सामग्री तथा Lab assistant, equipments and Practical material, OJT , Operation cost) व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान कक्षा ९-१२ | १५००० |

उल्लिखित अनुदान IEMIS भरेका विद्यालयहरुलाई सोही आधारमा हिसाब गरी निकासा हुनेछ । यसका लागि विद्यालयले भरेको IEMIS समयमै सत्यापन गरी प्रधानाध्यापकबाट प्रमाणित गरी नगरपालिकाको शिक्षा शाखामा उपलब्ध गराउनुपर्नेछ । प्राप्त अनुदानबाट विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम विद्यालय सुधार योजना कार्यान्वयन, शैक्षिक सामग्री व्यवस्थापन, विद्यालय शिक्षाको गुणस्तर सुधार, सामान्य मर्मत सम्भार, बुक कर्नर तथा सिकाइ सामग्री लगायतका क्षेत्रमा खर्च गर्न सकिनेछ ।

प्रारम्भिक बाल विकास / पूर्वप्राथमिक कक्षाका लागि प्राप्त अनुदानबाट प्रारम्भिक बाल शिक्षाका लागि मात्र खर्च गर्ने गरी बालशिक्षा सहजकर्ताको राय सुझाव लिई शैक्षिक सामग्री, बालमैत्री कक्षा व्यवस्थापन गर्ने । प्रारम्भिक बाल शिक्षाको राष्ट्रिय न्यूनतम मापदण्डमा उल्लेख भएका सिकाइ सामग्रीहरू जस्तैः ब्लक, पुतली, नरम खेलौना, नरम बल, रङ, पजल आदि खरिद गर्ने । यस्ता सामग्री प्रत्येक वर्ष थप्दै जाने ।

निरन्तर विद्यार्थी मल्याङ्कनका लागि प्राप्त अनुदानबाट कक्षा १ मा नयाँ भर्ना भएका प्रत्येक विद्यार्थीको पोर्टफोलियो तयार गर्ने, कक्षा २ देखि ७ सम्मका अन्य विद्यार्थीहरूका हकमा यस अघि देखि नै पोर्टफोलियो तयार गर्न रकम प्राप्त भई सकेकोले तयार भएको पोर्टफोलियो लाई नै अद्यावधिक गरी निरन्तर उपयोग गर्ने, कक्षा १-७ का विद्यार्थीको व्यक्तिगत सिकाइ योजना निर्माण र कार्यान्वयन गर्ने । तोकिएका सिकाइ उपलब्धि र विद्यार्थीको व्यक्तिगत सिकाइ योजना अनुसार सिकाइ सुनश्चितता गर्न सिकाइ लेखाजोखा र उपचारात्मक शिक्षण गर्ने । विद्यार्थीको फाइलमा आवश्यकता अनुसार विद्यार्थीका सिर्जनात्मक कार्य, परियोजना कार्य, व्यवहार परिवर्तन, कक्षा सहभागिता, हाजिरी जस्ता विभिन्न अभिलेख समेत राखी तिनीहरूको आधारमा मूल्याङ्कन गर्ने परिपाटी बसाउनुपर्ने र उक्त फाईल माथिल्लो कक्षामा समेत उपयोग गर्ने । निरन्तर विद्यार्थी मूल्याङ्कन अभिलेख फारम पाठ्यक्रम विकास केन्द्रको वेबसाईट www.moecdc.gov.np मा उपलब्ध छ ।

**शिक्षण सिकाइ सामग्री तथा Lab assistant, equipments and Practical material व्यवस्थापनका लागि अनुदान प्राप्त गरेका प्राविधिक तथा व्यावसायिक धार सञ्चालन भएका विद्यालयले प्राथमिकताका आधारमा देहायबमोजिम गर्नेः**

क) प्राथमिक तह तृतीय श्रेणीका शिक्षक सरहको १ जना ल्याव असिष्टेण्टको लागि पारिश्रमिकको व्यवस्था गर्ने ।

ख) प्राविधिक धार अन्तरगत अध्ययनरत विद्यार्थीले तोकिएको कक्षामा व्यवहारिक अभ्यास गर्न व्यावहारिक अभ्यास कार्यान्वयन निर्देशिका २०७३ बमोजिम प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षामा गरिएको दुवै ढाँचा अर्थात कक्षा १० पछि ३ महिना, कक्षा ११ पछि ३ महिना,

कक्षा १२ पछि ६ महिनाको व्यवहारिक अभ्यास वा कक्षा १२ पछि १२ महिनाको व्यवहारिक अभ्यास गर्ने। यसको व्यवस्थापन तपशिल अनुसार गर्नेः

१. विद्यार्थी निर्वाह खर्च: प्रति महिना १ हजारका दरले हुन आउने रकम विद्यार्थीलाई विद्यालय मार्फत रकम उपलव्ध गराउने।

२. आन्तरिक अनुगमन सहजिकरणः सम्बन्धित विद्यालयका प्रशिक्षकहरूबाट गर्ने व्यवस्था मिलाउने । सहजिकरण बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्ने । अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमानुसारको दैनिक भ्रमण भत्ता उपलब्ध गराउने।

३. बाह्य अनुगमन मूल्यांकन : बाह्य अनुगमन गर्दा व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक गर्ने। यसका लागि अनुगमन मूल्यांकन निर्देशिकामा उल्लेख भएको आधार लिई जिल्ला भित्रकै रोष्टर प्रशिक्षकलाई परीक्षा बोर्डले तोक्नेछ। जिल्ला भित्र प्रशिक्षक नपाइएमा नजिकको जिल्लाबाट पठाइनेछ । अनुगमनमा खटिने प्रशिक्षकलाई माध्यमिक शिक्षक तृतीय श्रेणीले पाउने नियमनुसारको दैनिक भ्रमण भत्ता विद्यालयले प्राप्त रकमबाट उपलव्ध गराउनुपर्नेछ।

ग) बचत रकमबाट ल्यावमा प्रयोग हुने दैनिक सामग्री एवम् शिक्षण सिकाइ सामग्री व्यवस्थापन गर्ने।

## ५.४ सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानः

**क) प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १० सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदानः**

यस शीर्षकमा प्रत्येक सामुदायिक विद्यालयलाई सत्यापन गरिएको IEMIS तथ्याङ्कका आधारमा शैक्षिक सत्र २०७७ का लागि पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत दररेटका आधारमा अनुदान निकासा दिइनेछ। यसरी अनुदान दिंदा यस शैक्षिक सत्र २०७६ मा अध्ययनरत विद्यार्थी सङ्ख्याको आधारमा ७५% रकम द्वितीय चौमासिक अवधिभित्र निकासा दिइनेछ भने २०७७ वैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपगु हुने रकम मात्र थप अनदान दिइनेछ। विद्यालयहरुले देहायबमोजिम गर्नेः

अ) आवश्यक नयाँ पाठ्यपुस्तकको कक्षागत र विषयगत यकिन विवरण अमरगढी न.पा. को शिक्षा शाखालाई समयमा नै उपलब्ध गराउने।

आ) न.पा.बाट प्राप्त अनुदान रकमबाट शैक्षिक सत्रको शुरुमै पाठ्यपुस्तक खरिद गरी विद्यार्थी भर्ना सँगै पूरा सेटमा पाठ्यपुस्तक उपलब्ध गराउने।

इ) विद्यार्थीहरुका लागि हरेक कक्षामा ऐच्छिक विषय समेत सेटमा नै नयाँ पाठ्यपुस्तक खरिद गरी वितरण गर्ने।

ई) पाठ्यपुस्तक खरिद गरेको बिल र वितरणको भर्पाईको प्रमाणित प्रतिलिपि संलग्न राखी अपुग रकमका लागि न.पा.मा माग पेश गर्ने।

**ख) कक्षा ११-१२ का लागि पुस्तकालयमा आधारित हुने गरी पाठ्यपुस्तक उपलब्ध गराउन विद्यालयलाई अनुदान :**

यस शीर्षकमा सामुदायिक माध्यमिक विद्यालयमा कक्षा ११-१२ मा अध्ययनरत विद्यार्थीहरूलाई पुस्तकालयबाट नै पाठ्यपुस्तक लैजान ल्याउने गरी व्यवस्थापन गर्न प्रति विद्यालय वार्षिक रु. ५०,०००।– का दरले विद्यालयलाई एकमुष्ठ अनुदान उपलब्ध गराइनेछ। विद्यालयले प्राप्त अनुदान रकमबाट पा.पु. खरिद गरी पुस्तकालयमा राख्ने र कक्षा ११-१२ अध्ययन गर्ने विद्यार्थीका लागि पुस्तकालय कार्डको व्यवस्था गरी विद्यार्थीहरूले पुस्तकालयबाट अवधि तोकी पाठ्यपुस्तक लैजाने व्यवस्था मिलाउने र अनिवार्य रुपमा फिर्ता गर्ने व्यवस्था समेत मिलाउनुपर्नेछ। पाठ्यपुस्तक र स्वीकृत पाठ्यक्रममा भएको वा पाठ्यक्रम विकास केन्द्रले सम्बन्धित कक्षाका लागि भनेर स्वीकृत गरी सार्वजनिक गरेको सन्दर्भ सूचीभन्दा बाहिरका पुस्तक/पत्रपत्रिकाहरू खरिद गर्न पाईने छैन।

**ग) विद्यालयले समयमा पाठ्यपुस्तक खरिद नगरेमा, पुराना पाठ्यपुस्तक प्रयोग गरी नि:शुल्क पाठ्यपुस्तकका लागि अनुदान निकासा भएको रकम अन्य शीर्षकमा खर्च गरेमा, अनुमति प्राप्त नगरेको संस्थाबाट छपाई भएको पाठ्यपुस्तक खरिद गरी प्रयोग गरेमा कानुन बमोजिम कारबाही हुनेछ।**

## ५.५ सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ति (आवासीय तथा गैर आवासीय):

यस शीर्षकबाट विद्यालयमा कक्षा १-१२ सम्म अध्ययनरत अपाङ्गता भएका बालबालिकालाई अपाङ्गताको वर्गअनुसार चार प्रकारका छात्रवृत्ति प्रदान गरिन्छ। त्यस्तै कक्षा १-८ मा अध्ययनरत छात्रा र दलित समुदायका बालबालिकाहरूलाई समेत छात्रवृत्ति उपलब्ध गराइन्छ। नगरपालिकाबाट विद्यालयको खातामा छात्रवृत्ति रकम निकासा गर्दा विद्यालयबाट IEMIS मा प्रविष्ट तथ्याङ्कको सत्यापन गराई सोही आधारमा गरिनेछ। आवासीय छात्रवृत्ति आवासमा निरन्तर अध्ययनरत विद्यार्थीलाई आधार मानी अनुदान एवम् खर्च गर्नुपर्दछ भने गैर आवासीय छात्रवृत्ति शैक्षिक सत्र २०७७ साल वैशाखमा भर्ना भएकाले मात्र पाउने व्यवस्था गर्नुपर्नेछ। कुनैपनि छात्रवृत्ति दोहोरो नपर्ने गरी वितरण गर्नुपर्नेछ। अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति वितरण गर्दा अपाङ्गताको परिचय पत्रको आधारमा गर्नुपर्नेछ।

छात्रवृत्ति अनुदान प्राप्त विद्यालयको व्यवस्थापन समितिले नगरपालिकाको निर्देशन एवम् आधारहरूलाई ध्यानमा राखी शिक्षक, शिक्षक अभिभावक सङ्घ समेतको सहभागितामा छात्रवृत्ति पाउने विद्यार्थीहरूको नामावली छनौट गरी विवरण विद्यालयको सूचनापाटीमा टाँसेर सार्वजनिक गर्नुपर्नेछ। तोकिएको दर बमोजिमको छात्रवृत्ति रकम अभिभावकको उपस्थितिमा सम्बन्धित विद्यार्थी स्वयंलाई २०७७ जेठ १५ गते भित्रै वितरण गर्नुपर्नेछ। छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको नामनामेसी सहितको भर्पाइ जेठ मसान्त भित्र नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ। यसरी भर्पाई गर्दा रकम बचत भएमा अमरगढी नगरपालिकाको सञ्चित कोषमा दाखिला गर्नुपर्नेछ भने अपुग भएमा समेत सोही अवधिभित्र माग गरिसक्नुपर्नेछ।

छात्रवृत्तिको प्रकार, विभाजनका आधारहरू र विद्यार्थीले पाउने छात्रवृत्ति देहायबमोजिम रहेका छन्

**३.५.१ आवासीय छात्रवृत्ति:** नगरपालिकाको कार्यालयबाट भौगोलिक अवस्था, दूरी र अपाङ्गताको अवस्थाको कारणले घरबाट दैनिक रुपमा विद्यालयमा आउन जान नसक्ने एवम् अध्ययनका लागि डेरा गरी वा विद्यालयले व्यवस्था गरेको आवासमा बस्ने अपाङ्गता भएका विपन्न बालबालिकाको तोकिएको कोटा सङ्ख्याको आधारमा प्रति विद्याथी प्रति महिना रु. ४,०००।- का दरले १० महिनाको लागि जम्मा रु. ४०,०००।– का दरले हुन आउने रकम विद्यालयलाई अनुदान दिइनेछ। विद्यालयले यस प्रकारको छात्रवृत्ति रकमबाट छात्रावासमा बस्ने छात्रछात्राहरूको लागि खाना तथा खाजा, आवास व्यवस्थापन लगायतका कार्यमा खर्च गर्ने। सो मध्ये व्यक्तिगत सरसफाईको लागि आवश्यक पर्ने सामग्रीहरू (जस्तै: साबुन, काईयो, दन्तमञ्जन, ब्रुस, नेलकटर, कोल्डक्रिम, स्याम्पु, रुमाल, स्यानेटरी न्याँकिन आदि) खरीद गर्न प्रति विद्यार्थी मासिक रू. ५००/- का दरले १० महिनाको जम्मा रू. ५,०००।- सम्बन्धित छात्रछात्राहरूलाई भर्पाई गराई नगद नै अनिवार्य रुपमा उपलब्ध गराउने र बाँकी रकमबाट आवास व्यवस्थापन गर्ने।

**३.५.२ सहयोगी सहायता सेवा छात्रवृत्ति (गैर आवासीय):** घरबाट आउँदा जाँदा र विद्यालयमा रहँदा निरन्तर रुपमा अरुको सहयोग र साधन आवश्यक पर्ने अपाङ्गता भएका प्रति विद्यार्थी प्रति महिना रू.५००।- का दरले१० महिनाको लागि रू.५,०००।-

**३.५.३ यातायात सेवा छात्रवृत्ति (गैर आवासीय):** घरबाट आउँदा जाँदा यातायातका साधन वा अन्य उपकरण प्रयोग गर्नुपर्ने अपाङ्गता भएका बालबालिकालाई प्रति विद्यार्थी प्रति महिना रू.३००।- का दरले १० महिनाको लागि रू.३,०००।-

**३.५.४ शैक्षिक सामग्री छात्रवृत्ति (गैर आवासीय):** घरबाट विद्यालयसम्म आउन जान सक्ने अवस्थाको अपाङ्गता भएका प्रति विद्याथी प्रति महिना रू.१००।- का दरले १० महिनाको रू.१,०००।-

**३.५.५ छात्रा छात्रवृत्ति कक्षा १-८ (गैर आवासीय):** प्रति विद्याथी वार्षिक रू. ४००।-

**३.५.६ दलित छात्रवृत्ति कक्षा १-८ (गैर आवासीय):** प्रति विद्यार्थी वार्षिक रू. ४००।-

## ५.६ विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदानः

यस शीर्षकमा विद्यालयहरूमा देहायबमोजिमको अनुदान उपलब्ध गराइनेछ । प्राप्त बजेटबाट विद्यालयले मसलन्द, विद्यालय तहको Excel Based को Electronic Based IEMIS को तयारी र प्रयोग सम्वन्धी सबै कार्यहरू गर्नुपर्नेछ । विद्यालयमा पठाइने एकमुष्ठ अनुदानबाट गर्ने कार्यहरूको कार्य-योजना विव्यसबाट स्वीकृत गराई कार्यान्वयन र खर्च गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।

| तह | दर |
|---|---|
| कक्षा १-५ | प्रति विद्यालय वार्षिक १५ हजार |
| कक्षा १-८ | प्रति विद्यालय वार्षिक २० हजार |
| कक्षा १-१० | प्रति विद्यालय वार्षिक २५ हजार |
| कक्षा १-१२ | प्रति विद्यालय वार्षिक ३० हजार |

## ५.७ विद्यालय सुधार योजना, समुदाय तथा वि.व्य.स.हरूको क्षमता विकासका लागि अन्तर्क्रिया, अभिभावक शिक्षा सञ्चालन, अतिरिक्त क्रियाकलाप सञ्चालन आदिका लागि एकमुष्ठ अनुदानः

यस शीर्षकबाट विद्यालय सुधार योजना निर्माण सहयोगी पुस्तिका, २०७४ बमोजिम विद्यालय सुधार योजना (SIP) निर्माण तथा अद्यावधिक गरेका विद्यालयहरूलाई मात्र उपलब्ध गराइनेछ । विद्यालयले प्राप्त रकमबाट सरोकारवालाहरूको सहभागितामा विद्यालय सुधार योजनाका आधारमा तयार गरिएको वार्षिक कार्यान्वयन योजना अनुसारको प्रगति र मासिक रूपमा समीक्षा गर्नुपर्नेछ । साथै विव्यस/शिअसं/अभिभावक/शिक्षक/विद्यार्थीहरूको क्षमता अभिवृद्धि गर्न क्षमता विकासका क्रियाकलाप तथा विद्यार्थीहरूको प्रतिभा विकासका लागि अतिरिक्त क्रियाकलापहरू समेत सञ्चालन गर्नुपर्नेछ । नगरपालिकाबाट विद्यालयलाई उपलब्ध गराइने अनुदान देहायबमोजिम हुनेछः

| तह | दर |
|---|---|
| आधारभूत तह | प्रति विद्यालय वार्षिक रू. १५ हजार |
| माध्यमिक तह | प्रति विद्यालय वार्षिक रू. २० हजार |

## ५.८ सामाजिक परीक्षण तथा आर्थिक लेखा परीक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकाशन लगायतका क्रियाकलाप सञ्चालनका लागि एकमुष्ठ अनुदान:

गत अवधिको सामाजिक परीक्षण प्रतिवेदन र आर्थिक लेखा परीक्षण प्रतिवेदन पेश गरेका सामुदायिक विद्यालयहरूलाई मात्र यस प्रकारको अनुदान उपलब्ध गराइनेछ । विद्यालयले सामाजिक परीक्षण निर्देशिका (पहिलो सशोधन२०७१ सहित) २०६५ अनुसार सामाजिक परीक्षण गर्ने गराउने तथा तोकिए बमोजिमको आ-आफ्नो विद्यालयको Excel based को Electronic EMIS File तयार गरी विद्यार्थी रिपोर्ट कार्ड र अन्य कार्यहरू गरी विद्यालयका मुख्य मुख्य सूचक सहितका सूचना सार्वजनिकरण गर्नुपर्नेछ । संस्थागत विद्यालयहरूले समेत आफ्नो स्रोतबाट लेखापरीक्षण गरी गराई पारदर्शिता, जवाफदेहीता र विद्यालयमा हुनुपर्ने सबै प्रकारका र तथ्याङ्क एवम् सूचनाहरूको व्यवस्थापनको सुनिश्चितता गराउनुपर्ने हुन्छ । यस शीर्षकमा सामुदायिक विद्यालयहरूलाई देहायबमोजिम अनुदान उपलब्ध गराइनेछः

| तह | दर |
|---|---|
| आधारभूत तह | प्रति विद्यालय वार्षिक रू. १० हजार |
| माध्यमिक तह | प्रति विद्यालय वार्षिक रू. १५ हजार |

## ५.९ माध्यमिक विद्यालयमा ईन्टरनेट जडान तथा सञ्चालन खर्च:

यस शीर्षकबाट प्रत्येक सामुदायिक मा.वि. लाई वार्षिक रू. १२ हजार अनुदान उपलब्ध गराइनेछ। सूचना तथा सञ्चार प्रविधिमा आधारित शिक्षण सिकाइ व्यवस्थापन गर्ने नीति अनुरुप यस अनुदानको व्यवस्था भएको हो। प्राप्त अनुदानबाट विद्यालयहरूले ईन्टरनेट जडान गर्ने वा जडित ईन्टरनेट शुल्क भुक्तानी गर्ने काम गर्नुपर्नेछ।

## ५.१० स्रोत कक्षा सञ्चालनका लागि अनुदान :

स्रोत कक्षाको व्यवस्थापनका लागि सम्बन्धित स्रोत कक्षा रहेको विद्यालयमा वार्षिक रु. १ लाख ६० हजार अनुदान उपलब्ध गराइनेछ। स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयले प्राप्त रकम व्यवस्थापन गर्दा तपशिल अनुसार खर्च गर्नुपर्नेछ:

क) स्रोत शिक्षक वा घुम्ती शिक्षकलेअपाङ्ग बालबालिकाहरूका लागि बिहान साँझसमेत अतिरिक्त सहयोग गरेवापत स्रोत कक्षा व्यवस्थापन समितिको निर्णयानुसार थप सुविधा मासिक रू.५००।- का दरले वार्षिक रू.६,०००।–

ख) स्रोत कक्षाका लागि शैक्षिक सामग्री व्यवस्थापन, विद्यार्थीद्वारा निर्मित सामग्री प्रदर्शनी, आदिका लागि प्रति स्रोत कक्षा वार्षिक रू. १०,०००।-

ग) आयाको पारिश्रमिकका लागि मासिक रू. १०,००० ।- का दरले वार्षिक १३ महिनाको लागि रू.१,३०,०००।– प्रदान गर्ने।

घ) स्रोत कक्षाका लागि व्यवस्थापन सामग्री अनुदान (लुगाफाटा, भाँडाकुडा, औषधि आदि) का लागि रू. १०,०००।-

ङ) अतिरिक्त क्रियाकलापका लागि सामग्री खरिद र पुरस्कार वितरण गर्न वार्षिक रू. ४०००।–

## ५.११ प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदान :

नगरपालिकाबाट शैक्षिक सत्र २०७६ मा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट कक्षा ९ बाट प्राविधिक धार सञ्चालन गरेका विद्यालय बाहेक साविकको शिक्षा विभागबाट अनुमति प्राप्त गरेर सञ्चालनमा रहेका प्राविधिक धारका विद्यालयहरूका लागि प्रयोगशालाको स्तरोन्नति गर्न प्रति विद्यालय रू. २ लाख रकम उपलब्ध गराइनेछ। प्राप्त बजेटबाट विद्यालयले व्यवस्थापन समितिको निर्णयानुसार नियमित रुपमा ल्याबको स्तरोन्नति गर्नुपर्नेछ।

## ५.१२ शैक्षिक पहुँच सुनिश्चितता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम:

यस क्रियाकलापमा निम्नानुसारका उपक्रियाकलापहरूको बजेट समावेश गरिएको छ। कार्यक्रमका लागि स्वीकृत बजेटको बाँडफाँड गरी विद्यालय/संस्थाहरूमा अनुदान उपलव्ध गराइनेछ। यसका लागि सम्बन्धित विद्यालय/संस्थाले सञ्चालनमा रहेको कार्यक्रम, भर्ना भइ अध्ययरत विद्यार्थी सङ्ख्या समेतको विवरण प्रधानाध्यापक/संस्था प्रमुखले प्रमाणित गरी नगरपालिकासँग अनुदान रकम माग गर्नुपर्नेछ।

| कार्यक्रम | दर |
|---|---|
| परम्परागत विद्यालय अनुदान | कक्षा १-५ सञ्चालित विद्यालयका लागि वार्षिक एकमुष्ठ : रु.२ लाख ४१ हजार<br>कक्षा १-८ सञ्चालित विद्यालयका लागि एकमुष्ठ : रु. ५ लाख<br>कक्षा १-१० सञ्चालित विद्यालयका लागि एकमुष्ठ : रु. ७ लाख १५ हजार |
| खुला विद्यालय सञ्चालन अनुदान तह १ र २ (कक्षा ६-८) | प्रति विद्यालय वार्षिक रु. १ लाख १० हजार |
| खला विद्यालय सञ्चालन अनुदान माध्यमिक | प्रति विद्यालय वार्षिक रु. १ लाख ५२ हजार |
| सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | सञ्चालन व्यवस्थापनका लागि १ लाख सबैलाई र थप अधिकतम १ लाख प्रस्तावनाका आधारमा |

**५.१२.१ खुला विद्यालय सञ्चालन अनुदान माध्यमिकः**

नगरपालिकाले सञ्चालनमा रहेका खुला विद्यालय तह १ र २ (कक्षा ९-१०) विद्यालयको अनुगमन गरी मागको आधारमा तोकिएको अनुसार एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने। विद्यालयले कार्यक्रम सञ्चालन प्रक्रियाका सम्बन्धमा "दूर शिक्षा तथा खला सिकाइ निर्देशिका, –२०६३ र खुला विद्यालय सञ्चालन कार्यान्वयन पुस्तिका /निर्देशिका" अनुसार गर्ने। विद्यालयले प्राप्त रकमलाई कार्यक्रम सञ्चालनको लागि खर्चको हकमा देहायअनुसार गर्ने।

१. संयोजकका लागि मासिक रु. ७००।- का दरले१२ महिनाको जम्मा रु. ८,४००।-

२. सहजकर्ताको लागि प्रति सेसन ३००।- का दरले दैनिक ४ सेसन ३५ दिनका लागि जम्मा रु. ४२,०००।-

३. सहायक कर्चारीका लागि मासिक रु. ८००।- का दरले १२ महिनाको रु. ९,६००।-

४. विद्यालय सहयोगीका लागि मासिक रु.५००।- का दरले १२ महिनाको रु. ६०००।-

५. शैक्षिक सामग्रीका लागि मासिक रु. ६००।– का दरले १२ महिनाको रु. ७,२००।-

६. सञ्चालन खर्च (पानी, विजुली, सरसफाइ) का लागि मासिक रु. ५०० का दरले वार्षिक रु. ६,०००।-

७. ईन्टरनेट/मिडियाको प्रयोगका लागि मासिक रु. १,५००।- का दरले ९ महिनाको रु. १३,५००।-

८. गृहकार्य परीक्षणका लागि ३,२००।– प्रति पटकका दरले ४ पटकको रु. १२,८००।- कापी प्रति विषय रु. ८।- का दरले

९. परीक्षा सञ्चालन (मध्यावधि र वाह्य) रु. ६४००।- प्रति पटकका दरले २ पटकको रु. १२,८००।- (प्रश्नपत्र निर्माण रु.३००।- प्रति सेट, उ.पु.परीक्षण रु ८।– प्रति कापी प्रति विषय)

१०. पुस्तकालयका लागि एकमुष्ठ रु. १०,०००।–

११. अनुगमनका लागि एकमुष्ठ रु. १०,०००।–

उल्लिखित बाँडफाँडमा नघट्ने गरी विद्यालयले आवश्यक अन्य क्षेत्रहरुमा खर्च गर्न सक्ने।

**५.१२.२ खुला विद्यालय तह १ र २ (कक्षा ६-८) सञ्चालन अनुदानः**

नगरपालिकाले सञ्चालनमा रहेका खुला विद्यालय तह १ र २ (कक्षा ६-८) विद्यालयको अनुगमन गरी मागको आधारमा तोकिएको अनुसार एकमुष्ट रुपमा विद्यालयलाई अनुदान दिने। विद्यालयले प्राप्त रकम देहायअनुसार खर्च गर्ने।

क) स्रोत शिक्षकका लागि पारिश्रमिकः प्रति घण्टा रु.२०० का दरले दैनिक २ घण्टा सम्पर्क कक्षाको लागि मासिक २४ दिनको दरले जम्मा रु. ९६००।- विद्यालयले स्रोत कक्षा लिने शिक्षकलाई पारिश्रमिक उपलब्ध गराउने।

ख) प्रधानाध्यापकको लागि भत्ताः मासिक रु. ५०० का दरले१२ महिना बराबर हुन आउने रकम रु. ६००० सम्बन्धित प्र.अ. लाई नियमानुसार मासिक रुपमा उपलब्ध गराउने।

ग) सहायक कर्मचारीको लागि पारिश्रमिक: प्रतिव्यक्ति मासिक रु. ३०० का दरले १२ महिनाको रु. ३६०० पाउने गरी प्रति केन्द्र २ जनाका लागि हुन आउने एकमुष्ट निकासा हुने रकम रु. ७२००।- काम गर्न तोकिएका सहायक कर्मचारीहरूलाई नियमानुसार मासिक रुपमा उपलब्ध गराउने।

घ) विद्यार्थीका लागि सामग्री खर्च: प्रति विद्यार्थी मासिक रु.५०।– का दरले २० जनाको लागि कापी, डटपेन,पेन्सिल कटर, स्केल, ईरेजर, ज्यामिति बक्स आदि शैक्षिक सामग्रीको व्यवस्था गर्न रु.१,०००।– का दरले प्रति केन्द्र १० महिनाको जम्मा रु.१०,०००।–

ङ) विद्यालयका लागि मसलन्द खर्चः कक्षा सञ्चालनको लागि मसलन्द प्रति महिना (चक, डस्टर, मार्कर, रजिष्टर, फोटोकपी आदि) रु.५००।– का दरले प्रति केन्द्र १० महिनाको रु.५,०००।–

च) शैक्षिक सामग्री व्यवस्थापन खर्चः विभिन्न विषयगत सिकाइ क्रियाकलापका लागि आवश्यक पर्ने शैक्षिक सामग्री व्यवस्थापन गर्न प्रति विद्यालय प्रति महिना (सिकाइ सहयोगी सामग्रीहरूः ग्लोब, चार्ट, नक्सा, मार्कर, फोटोकपी आदि) रु.५००।– का दरले प्रति केन्द्र १० महिनाको जम्मा रु. ५,०००।–

छ) विद्यालयका लागि पुस्तकालयः प्रत्येक विद्यार्थीलाई पाठ्यपुस्तक पहुँचको सुनिश्चितता गर्न पुस्तकालय व्यवस्थापनका लागि खुला विद्यालय तह एक र दईमा अध्ययनरत विद्यार्थीका लागि पाठ्यपस्तक लगायत अन्य सन्दर्भ सामग्रीको व्यवस्था पुस्तकालय मार्फत गर्न नगरपालिकाबाट प्राप्त हुने प्रति केन्द्र प्रति तहका लागि एकमुष्ट रु. १०,०००।- का दरले दुई तहको लागि रु.२०,०००।- रकमबाट सम्बन्धित विद्यालयले नियमानुसार पुस्तकालयको व्यवस्थापन गर्ने। विद्यार्थीहरूले पुस्तकालयबाट पुस्तक लिई अध्ययन गर्ने र अध्ययन पश्चात पुस्तकालयमा फिर्ता गर्ने व्यवस्था मिलाउने।

**५.१२.३ सामुदायिक सिकाइ केन्द्रको सञ्चालन अनुदान :**

नगरपालिकाले नियमित रुपमा चलेका सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समितिले गरेको सिफारिसको निर्णय र स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा हाजिरी प्रमाण प्राप्त भएपछि सामुदायिक परिचालकको रकम अनुदान दिनेछ। सामुदायिक सिकाइ केन्द्रले व्यवस्थापन समितिको निर्णयानुसार सामुदायिक परिचालकका लागि रु. ६२००।- का दरले १२ महिना बराबरको पारिश्रमिक भक्तानी गर्ने। सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र यकिन गरी न्यूनतम तलब भत्ताको रकम उपलब्ध गराई बाँकी रकम प्रस्तावका आधारमा उपलव्ध गराइनेछ। सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरूको कार्य प्रभावकारिताका आधारमा नगरपालिकाले त्यस्ता केन्द्रहरू स्थानान्तरण गर्न सक्नेछ।

## ५.१३ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदानः

सामुदायिक विद्यालयमा प्रारम्भिक बालविकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बालबालिकाहरूका लागि दिवाखाजा उपलब्ध गराउन विद्यालयगत तथ्याङ्कका आधारमा नगरपालिकाले प्रति विद्यार्थी दैनिक रु. १५।– का दरले १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिनेछ। विद्यालय सञ्चालन भएको दिनलाई मात्र आधार मानेर अनुदान दिइनेछ। दिवाखाजा उपलब्ध गराईएका विद्यालयले विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि र निर्धारित फारमहरू भरेर विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई नगरपालिकामा बुझाइ सङ्ख्या यकीन भए पछि मात्र थप अनुदान दिइनेछ। अमरगढी नगरपालिकाका सामुदायिक विद्यालयहरूले विद्यार्थीलाई दिवाखाजा खुवाउने सम्बन्धमा छनौट गरेको मोडेल र त्यसको कार्यान्वयन विधिसम्बन्धी जारी सूचना यस बुलेटिनमा अन्यत्र उल्लेख गरिएको छ।

## ५.१४ विद्यालय भौतिक पूर्वाधार निर्माण अनुदानः

विद्यालय भौतिक कार्यक्रमहरू कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० मा भएको व्यवस्था अनुसार भुकम्प प्रतिरोधी, अपाङ्ग मैत्री, बाल मैत्री, छात्रा मैत्री एवम् वातावरण मैत्री हुनेगरी गर्नुपर्नेछ। विद्यालय भौतिक सुधार सम्बन्धी कार्य गर्दा वातावरणीय र सामाजिक पक्षलाई आधार मानी कार्य सम्पादन गरिनेछ। Social/Environment Framework ले तोकेका वातावरणीय र सामाजिक पक्षलाई ध्यान दिई कार्यान्वयन गर्ने। विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरू नगरपालिकाले आफ्ना प्राविधिकहरूमार्फत

सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नेछ। अमरगढी नगरपालिका अन्तर्गतका विद्यालयहरूका लागि आर्थिक वर्ष २०७६/०७७ का लागि देहायका भौतिक पूर्वाधार निर्माणका कार्यक्रमहरू सञ्चालन गरिनेछन्:

| कार्यक्रम | इकाइ दर | जम्मा बजेट |
|---|---|---|
| कक्षाकोठा निर्माण अनुदान (फर्निचर सहित) | प्रतिकोठा ८ लाखका दरले २ कोठे ब्लकका लागि १६ लाख | रु. ६४ लाख |
| WASH सुविधा भएको शौचालय निर्माण अनुदान | प्रति शौचालय रु. ७ लाख | रु. १४ लाख |
| विद्यालय प्रवलिकरण | स्वीकृत ड्रइङ डिजाइन लागत अनुमानका आधारमा | रु. १५ लाख |

विद्यालय छनौटका विस्तृत आधारहरू शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका र नगरपालिकाबाट निर्धारण भएबमोजिम हुनेछ। उल्लिखित कार्यक्रमका लागि छनौटमा परेका विद्यालयहरूले नगरपालिकाको कार्यालयसँग सम्झौता गरेर मात्र कार्य आरम्भ गर्नुपर्नेछ। लागत अनुमान देखी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नेसम्मका कामका लागि नगरपालिकाको योजना तथा प्राविधिक शाखाबाट आवश्यक प्राविधिक राय सल्लाह र सुपरीवेक्षण सेवा लिई २०७७ साल जेठ मसान्तभित्रै कार्यसम्पन्न गरिसक्नुपर्नेछ। यस शीर्षकका कार्यक्रम कार्यान्वयन गर्ने विद्यालयहरूले कम्तीमा ५% स्थानीय श्रमदान जुटाउनुपर्नेछ। विद्यालयलाई निकासा गर्दा सामान्यतयाः ३०, ५० र २० प्रतिशत गरी तीन किस्तामा रकम निकासा हुनेछ।

